जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २४४ • २०७९ साल माघ १४ गते शनिबार (28 January, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## दुई मन्त्रीले गरे पदभार ग्रहण





**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका दुई मन्त्रीले पदभार ग्रहण गरेका छन् ।

शुक्रबार मन्त्री सरोज कुमार यादव र वसन्त कुशवाहाले मन्त्रालयमा पदभार ग्रहण गरेका छन् । नेकपा एमालेका यादवले भौतिक पूर्वाधार तथा विकास र जनमत पार्टीका कुशवाहाले भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयको जिम्मेवारी सम्भालेका छन् ।

मुख्यमन्त्री सरोज कुमार यादवसँगै गत पुस २९ गते तीन जना मन्त्रीले शपथ लिएका थिए । शपथ लिएका तीन मध्ये दुई मन्त्रीले जिम्मेवारी सम्भाले पनि जनता समाजवादी पार्टी (जसपा) का संजय कुमार यादवले अहिले पदभार ग्रहण गरेका छैनन् ।

बिहीबार उनीहरुको जिम्मेवारी तोकिएको थियो । जिम्मेवारी सम्भालेका एमालेबाट सरोजकुमार यादव महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ को 'ख'बाट प्रदेशसभा सदस्य पदमा निर्वाचित भएका थिए भने जनमतका कुशवाहा समानुपातिकबाट सांसद बनेका थिए ।

सरोजले पदभार ग्रहण गरेपछि पहिलो कामको रुपमा यातायात कार्यालयमा टोकन प्रणाली सुरु गर्ने फाइलमा हस्ताक्षर गरेका छन् ।

यातायात कार्यालय भीडभाडको कारण अव्यवस्थित देखिएको हुनाले सो फाइलमा हस्ताक्षर गरेको मन्त्री यादवले बताए । साथै मधेश सरकारको गौरवशाली योजनाको रुपमा रहेको मधेश लोक मार्गलाई निरन्तरता दिने उनले बताए ।

मधेश लोक मार्गमा सर्भेको काम भइसकेको छ । अब द्रुत गतिमा काम अगाडि बढाउने उनको तयारी छ । मन्त्रालयका सचिव कृष्ण कुमार मिश्रले यातायात कार्यालयमा टोकन मेसिन पठाउने तयारी भइरहेको बताएका छन् ।

चार वटा कार्यालयमा पठाइसकेको छ । सम्भव हुने कार्यालयमा टोकन प्रणाली आइतबारदेखि नै लागु हुने छ ।

यस्तै,शुक्रबार नै जनमतका कुशवाहाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको पदभार ग्रहण गरेका छन् ।

उनले किसानको समस्या प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता गरेका छन् । किसान कार्ड यस प्रदेशमा लागु गर्ने योजनामा काम गर्ने उनको तयारी छ । उनले आफ्नो कार्य कक्षमा मधेश आन्दोलनका शहीदहरुको तस्वीर पनि लगाएका छन् ।

### लामिछानेको नागरिकता रद्द

# सांसद र मन्त्री पद गुम्यो अनुसन्धानको बाटो खुल्यो

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले उपप्रधान एवं गृहमन्त्री रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सांसद पद नरहने फैसला गरेको छ ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले लामिछानेको नेपाली नागरिकता र अमेरिकी राहदानीका सम्बन्धमा परेको रिटमाथि शुक्रबार सुनुवाइ गर्दै सांसद पद खारेज गरेको छ ।

कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की तथा न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको इजसालले उक्त निर्णय सुनाएको छ ।

सर्वोच्च अदातलले रवि लामिछानेको सांसद बन्न अयोग्य रहेको र नेपाली नागरिकता लिने प्रक्रिया नै पूरा नगरेको भन्ने फैसला गरेपछि उनको उपप्रधान तथा गृहमन्त्री पद गुमेको छ । नेपालको मन्त्री हुनका लागि नेपाली नागरिक हुनुपर्छ । उनको नागरिकता नै नरहेको ठहर भएपछि मन्त्री पद स्वतः रद्द छ ।

लामिछाने ३२ दिन अघि उपप्रधान तथा गृहमन्त्री बनेका थिए । सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसलापछि पुस ११ गते उपप्रधान तथा गृहमन्त्री नियुक्त भएका



लामिछानेको पद गएको हो ।

अमेरिकाको नागरिकता र पासपोर्ट परित्याग गरे पनि लामिछानेले नेपाली नागरिकता लिने प्रक्रिया सुरु नगरेपछि सांसद बन्न अयोग्य भएका छन् । सर्वोच्च अदालतमा कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको संवैधानिक इजलासबाट फैसला भएको छ । टेलिभिजन पत्रकारिता छाडेर राजनीतिमा आएका लामिछाने सभापति रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले मंसिरमा सम्पन्न आमनिर्वाचनमा २० सिट जितेको छ ।

यता, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेलाई पक्राउ गरी अनुसन्धान गर्ने बाटो खुला भएको छ । नागरिकता विवाद प्रकरणमा रवि लामिछानेको नागरिकता अमान्य घोषित भएसँगै लामिछानेलाई पक्राउ गर्ने बाटो खुला भएको छ । शुक्रबार सर्वोच्च अदालतको संवैधानिक इजलासले उनले प्रयोगमा ल्याएको नागरिकता खारेज भइसकेको ठहर गर्दै उक्त नागरिकतालाई अमान्य घोषित गरिदिएको थियो ।

लामिछानेले आफूखुसी अमेरिकाको नागरिकता लिइ नेपाली नागरिकता त्याग गरिसकेपछि एकै समयमा पुरानै नेपाली नागरिकता प्रयोग गरी पासपोर्टसमेत लिएको पाइएपछि सो सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

गृह मन्त्रालयकै निर्देशनमा जिल्ला प्रशासन कार्यालय काठमाण्डुले दोहोरो नागरिकता प्रयोगको सम्बन्धमा छानबिन गर्न जिल्ला प्रहरी परिसर काठमाण्डुलाई पत्र लेखेर जिम्मेवारी तोकेको थियो ।

जिल्ला प्रहरी परिसर काठमाण्डुले दोहोरो नागरिकताको प्रयोगको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काठमाण्डु, अध्यागमन विभाग र नेपालस्थित अमेरिकी दूतावासबाटसमेत सो सम्बन्धमा बुझ्ने काम गरिरहेको छ । लामिछानेले दोहोरो नागरिकता र पासपोर्ट लिएको कुरा यस अघि नै बाहिर आइसकेको छ । लामिछानेले ५ मार्च २०१४ मा अमेरिकी नागरिकका रुपमा पासपोर्ट बनाई नेपाल आएपछि अमेरिकी पासपोर्ट र नागरिकता त्याग नगरी २७ मे २०१५ मा नेपालबाटै अर्को नागरिकता बनाएका थिए । सोही सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

नेपाल नेगरिकता ऐन, २०६३ ले नेपालमा दोहोरो नागरिकता लिन प्रतिबन्ध लगाएको छ । कुनै विदेशीले भ्रूटो विवरण पेश गरी नेपाली नागरिकता प्राप्त गरेमा निजलाई एक वर्षदेखि ५ वर्षसम्म कैद वा ५० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ मा दण्ड सजाय सम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा २१ को को उपदफा १ मा विदेशी नागरिकले भ्रूटो विवरण दिइ नागरिकता लिएमा वा प्राप्त गरेमा हुने सजायबारे उल्लेख गरिएको छ ।

सन् २०१५ मा रवि लामिछाने अमेरिकी नागरिक रहेकै समयमा भ्रूटो विवरण पेश गरी नेपाली राहदानी प्राप्त गरेको कारण सोही दफा अनुसार फौजदारी कसुरमा अनुसन्धान र सजाय हुनसक्नेछ । लामिछाने चितवन निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित थिए । फैसलासँगै सो क्षेत्रमा उपनिर्वाचन गर्नुपर्ने भएको छ ।






# सरस्वती पूजामा अश्लील गीतको बाहूल्य

**मनोज माझी**

राजविराज । हमर दुनु बैलुन साला धुक धुक करे (मेरो दुबै बैलुन धकधक गर्छ )
देवरा ढोरी चटना बा (देवर नाइटो चाट्छन)
लहंगा उठाके अभिवादन करे (लहंगा उठाएर स्वागत गर्ने )
रात मे दीया बुताके पिया क्या क्या किया ( राति बत्ती निभाएर के के गऱ्यो )

खोइल ले छौरी चुम्मा के दुकान ( खोली लेउ केटी चुम्बनको पसल ) लगायतका अति अश्लील भोजपुरी र हिन्दी भाषामा भारतीय कलाकारले गाएको गीतको यो बोलले बिहीबार र शुक्रवार सप्तरीका ग्रामीण र शहरी क्षेत्रका सरस्वती पूजास्थल गुञ्जयमान बन्यो ।



वसन्त पञ्चमीका अवसरमा विद्यार्थी,शिक्षक, युवा तथा कलमजीवीहरुले आस्थापूर्वक मनाउने सरस्वती पूजाको दिन बिहीबार र मूर्ति सेलाउने दिन शुक्रवारसम्म जिल्लाको अधिकांश टोलमा मात्र होइन । विभिन्न शिक्षण संस्थामासमेत यस्तै दोहोरो अर्थ, भद्दा र परिवारका साथ सुन्नै नसकिने खालका भोजपुरी र हिन्दीका अश्लील गीतहरु गुन्जि रहेका थिए ।

कतिपय विद्यालयमा शिक्षकहरुको त कतिपय टोलमा बालबालिका देखि वृद्धवृद्धासम्मको उपस्थितिमा पनि यस्ता भलगर गीतहरु डिजेमा बज्दा र पूजास्थल नजिकै लगाइएको टेलिभिजन स्क्रीनमा चलिरहँदा उनीहरु मुकदर्शक झै बनेका थिए ।

केही भरभलादमीले यस्ता भलगर गीतहरु नबजाउन सल्लाह दिएपछि केही विद्यार्थीले तत्कालै रोके पनि अधिकांशले अटेर गरेका थिए । धार्मिक आस्थाबाट प्रेरित भएर गरिने यस्ता पवित्र कार्यमा पनि अश्लीलताको बाहुल्य हुनुले हाम्रो संस्कृतिमाथि नै आघात पुग्नसक्ने स्थानीय वुद्धिजीवीहरु बताउँछन् ।

धर्मीहल्फा महिला विकास क्लबका अध्यक्ष इन्जिनीयर सुर्यनारायण यादवले पूजास्थल र मूर्ति विर्सजनका क्रममा यस्तो अश्लील गीत बजाउनु विकृतिको नमूना भएको बताए ।

'पूजास्थलामा डिजे लगाएर अश्लील गीत बजाउँदा समाजमा विकृति फैलिने थाहा हुँदाहुँदै पनि सम्बन्धित शिक्षण संस्थाका जिम्मेवार अधिकारीले यसलाई रोक्न नसक्नु आश्र्चयको विषय हो, उनले भने - यसतर्फ सरोकारवाला सबै मिलेर नियन्त्रणका लागि काम गर्नु जरुरी छ ।"

नागरिक सञ्जाल सप्तरीका अध्यक्ष सुखराम यादवले पूजास्थलमा परिवारसंग बसेर सुन्न लाज लाग्ने खालको यस्ता गीत पूजा जस्तो पवित्रस्थलमा चर्को साउण्ड थपेर बजाउनु गलत भएको भन्दै यसमा रोक लगाउनुपर्ने बताए ।

धार्मिक आस्थाबाट प्रेरित भएर गरिने विभिन्न पर्व, त्योहार, पूजा लगायतका पवित्र कार्यमा अश्लीलताको बाहुल्य हुनु विकृति मात्र होइन, संस्कृति माथि नै आघात पुग्नसक्ने भन्दै स्थानीय वुद्धिजीवीहरुले यसतर्फ बेलैमा ध्यान पुऱ्याउन सरोकारवाला सबैसंग आग्रह गरेका छन् ।

# फोहोर उठदैनन्



**टुडे समाचारदाता**

जनकपुरधाम । विगत लामो समयदेखि नियमित रुपमा फोहोर उठ्न नसकेका कारण जकपुरधामको व्यापारी समस्यामा परेका छन् । फोहोर व्यवस्थापन हुन नसक्दा शिव चोक नजिक रहेको जग्गा खाली भएको ठाउँमा फोहोर फालिएको छ ।

होटेलको छेउमा फोहोर थुप्रिएका छन्। यसबाहेक पनि उप-महानगरपालिकाका वासिन्दाको घर-घरमा पनि फोहोर थुप्रिएका कारण समस्या भएको छ । फोहोरका कारण ठाउँ दुर्गन्धित भएपछि आवतजावत गर्ने सर्वसाधारणलाई कठिनाइ भइरहेको व्यवसायीहरुको गुनासो रहेको छ ।

नजिक रहेको चिया व्यवसायी किसन साहले करिब डेढ वर्ष देखि पसल गरिरहेका छन् । त्यस्तै यस पसलमा आउदा फोहोर थुप्रिएका कारण धैरै मार्का परेको बताउँछन् । 'मास्क लगाए पनि नाक थुनिएर हिँड्नु परेको छ, एकातिर कोरोनाको डर छ अर्का तिर फोहोरले गर्दा अर्को रोग फैलिने पो हो कि भने डर मनमा बसेको छ,' उनले भने।

नियमितरुपमा पानीसंगै किरा देखिएको फोहोर व्यवस्थापनमा थप समस्या भएको जनकपुरधाम उपहानगरपालिका वातावरण एकदमै अस्तव्यस्त रहेको व्यापारी बताउँछन् ।

# 'पेट्रोलियम ट्याङ्कर चालकको पेसाप्रति राज्य संवेदनशील बन्नुपर्छ'

काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री राजेन्द्रकुमार केसीले पेट्रोलियम ट्याङ्कर चालकको पेसाप्रति राज्य संवेदनशील बन्नुपर्ने बताउनुभएको छ ।

नेपाल पेट्रोलियम ट्याङ्कर चालक सङ्घको दोस्रो राष्ट्रिय महासङ्घको शुक्रवार उद्घाटन गर्दै काठमाडौँ क्षेत्र नं १० का सांसदसमेत रहनुभएका नेता केसीले साधारण चालकभन्दा पेट्रोलियम पदार्थ बोक्ने सवारी चालकको पेसा संवेदनशील र जोखिमपूर्ण भएकाले यस पेसाप्रति राज्य संवेदनशील बन्नुपर्ने बताउनुभयो ।

"पेट्रोलियम पदार्थ ढुवानी गर्ने चालकलाई परेको अप्ठ्यारो सहज बनाउन आवश्यक विनियमावली निर्माणका लागि म सम्बन्धित निकायसँग छलफल गर्छु", उहाँले भन्नुभयो । नेपाल आयल निगमका कार्यकारी निर्देशक इञ्जिनियर उमेश थानीले मुलुकमा सङ्कट परेको समयमा पेट्रोलियम ट्याङ्कर चालकले खेलेको भूमिका सराहनीय रहेको बताउनुभयो । "म आयल निगमको कार्यकारी निर्देशक हुनुभन्दा पहिले पेसागत हक, हितका क्षेत्रमा लड्दै आएको व्यक्ति हुँ, चालकको समस्या समाधानका लागि म सकारात्मक छु", उहाँले भन्नुभयो ।

इन्टरनेशनल ट्रान्सपोर्ट बकर्स फेडेरेशन (आइटिएफ) बेलायतका महासचिव ब्रदर स्टिफन कटनले कोरोना समयमा सार्वजनिक यातायात क्षेत्रमा काम गर्ने श्रमिक घर गएर बस्न नसक्ने अवस्थामा पेट्रोलियम ट्याङ्कर चालकले खेलेको भूमिका अन्तरर्ष्ट्रिय श्रमिक क्षेत्रले सकारात्मक रुपमा लिएको बताउनुभयो । नेपालको श्रमिक क्षेत्रको समस्या आइटिएफमार्फत् अन्य देशमा समेत पुऱ्याउने उहाँको भनाइ छ ।

भारतको विहार ट्याङ्कर चालक, उपचालक युनियनका अध्यक्ष चन्द्रप्रकाश सिंहले भारतमा नेपाली पेट्रोलियम ट्याङ्कर चालकका थुप्रै समस्या रहेको भन्दै उक्त समस्या समाधानका लागि आफूले नेपाल पेट्रोलियम चालकसँग सहकार्य गरेर काम गर्दै आएको बताउनुभयो ।

नेपाल ट्रेड युनियन काँग्रेसका पूर्वअध्यक्ष लक्ष्मणबहादुर बस्नेत, उपाध्यक्ष अजयकुमार राई, महासचिव योगेन्द्रकुमार कुँवर, नेपाल पेट्रोलियम ढुवानी महासङ्घका महासचिव विश्व अर्याल, नेपाल पेट्रोलियम डिलर्स एशोसियशनका अध्यक्ष लीलेन्द्र प्रधान, नेपाल आयल निगमका निर्देशक इन्जिनियर बीरेन्द्र गोयल, नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष धर्म भण्डारीलगायतले श्रमिकको हक, अधिकारका लागि नेपाल पेट्रोलियम ट्याङ्कर चालक सङ्घले खेलेको भूमिका सराहनीय रहेको बताउनुभयो ।रासस

# किन भारत लगिँदै थियो एक सय एक राहदानी र ७९ थान प्रहरी चारित्रिक प्रमाणपत्र



काठमाण्डु । नेपाल प्रहरीले अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको एक सय एक थान राहदानी र ७९ थान प्रहरी चारित्रिक प्रमाणपत्र बरामद गरी अनुसन्धान थालेको छ । उक्त राहदानी र प्रहरी चारित्रिक प्रमाणपत्र लैजान लागेको आरोपमा विमानस्थल सुरक्षा कार्यालयले दुई जनालाई पक्राउसमेत गरेको छ ।

उक्त राहदानी लिएर जान लागेका बेला पक्राउ पर्नेमा ललितपुर महानगरपालिका-३ का ३८ वर्षीय अमित बोगटी र नवलपरासी (पूर्व) विनयी त्रिवेणी गाउँपालिका-७ की ३८ वर्षीया सोनीकुमारी गुरुङ रहेकी छिन् । पक्राउपछि उनीहरुलाई थप अनुसन्धानका लागि कार्यालयले गए राति केन्द्रीय अनुसन्धान ब्यूरोमा ल्याएको ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले जानकारी दिनुभयो। उनीहरूमाथि वैदेशिक रोजगारसम्बन्धी थप अनुसन्धान आवश्यक पर्ने भएकाले आजै वैदेशिक रोजगार विभागमा पठाइएको पनि थापाले बताउनुभयो ।

नेपाल एयरलाइन्सको उडानद्वारा काठमाडौँबाट दिल्ली जान लागेका उनीहरूको लगेज जाँचका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान विन्दुस्थित एक्स-रे गर्ने क्रममा लगेजमा शङ्कास्पद वस्तु देखिएको थियो । जाँच गर्दा भारत लान लागिएको अवस्थामा झोलामा उक्त राहदानी र प्रहरी चारित्रिक प्रमाणपत्र फेला परेको थियो । उनीहरुमाथिको सोधपुछका क्रममा उक्त राहदानी रोमानियामा भिसा स्ट्याम्पिङ गर्नका लागि लान लागेको भनी वैदेशिक रोजगार विभागबाट जारी भएको भिसा स्ट्याम्पिङ निर्णय फाराम पेस गरेका थिए ।

सो सम्बन्धमा अनुसन्धान गर्दा उक्त फारममा उल्लिखित विवरण भएको राहदानीहरु र उनीहरुका साथबाट बरामद भएको राहदानीहरुको विवरण फरक पर्न आएको पाइएको प्रहरीले जानकारी दिएको छ ।रासस

# न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या

जलेश्वर । महोत्तरी जिल्लाको स्थानीय तहमा न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या भएको छ ।

जिल्लाको गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा गठित न्यायिक समिति सक्रिय नहुँदा स्थानीयवासीले न्यायको अनुभूति गर्न नसकेको जलेश्वर नगरपालिका- २ का शिवचन्द्र चौधरीले गुनासो गर्नुभयो ।

स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएको दोस्रो कार्यकालको नौ महिना बित्नलाग्दा पनि नागरिकले न्याय सम्पादन र विकास निर्माणका काममा सहजरुपमा सेवा नपाएको र न्यायिक समितिले पनि जिम्मेवारीपूर्वक काममा तदारुकता नदेखाउँदा समस्या भोग्नुपरेको मनरासिस्वा नगरपालिका- १ का रविन्द्र भगतले बताउनुभयो ।

संविधानको धारा २१७ मा स्थानीय तहमा मुद्दा हेर्ने अधिकार गाउँ तथा नगरका उपाध्यक्ष/उपप्रमुखलाई तोकिए पनि सम्बद्ध पदाधिकारीले प्रभावकारीरूपमा काम गर्न नसक्दा स्थानीय तहमा गठित न्यायिक समिति नाम मात्रको भएको पिपरा गाउँपालिका- ४ का भोगी कापरको भनाइ थियो ।

जिल्लाका १५ स्थानीय तहका न्यायिक समिति सक्रिय रहेको जिकिर गरिए पनि सानातिना विवादमा पनि पीडितले न्याय खोज्न जाँदा न्यायिक समितिका पदाधिकारले पार्टीगत आधारमा निर्णय गर्ने गरेकाले पीडितहले त्यहाँ उजुरी नगर्ने गरेको जलेश्वर नगरपालिका-८ का अगुवा मनोजकुमार साहले आरोप लगाउनुभयो भने जलेश्वर नगरपालिका-२ का रमन चौधरीले पनि 'सानातिना झगडा, घरेलु हिंसालगायतमा न्याय खोज्नुपर्ने बेला न्यायिक समितिका संयोजक नै नभेटिँदा समस्या हुने गरेको बताउनुभयो । न्यायिक समितिका संयोजक र सदस्यलाई कानूनी क्षेत्राधिकार र कार्यविधिबारे अन्योल हुँदा थप समस्या भएको छ । समिति निष्क्रिय भएपछि त्यस क्षेत्रमा विनियोजित बजेट खर्च पनि कागजी मिलान गरेर अनियमितता गर्दै आएको आरोप समेत लाग्दै आएको छ ।रासस

# वैदेशिक रोजगारमा रहेका नेपालीलाई बिपिडब्लु लघुवित्तको आइपिओ आउँदै

काठमाण्डु । बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि साधारण शेयर निष्कासन गर्ने भएको छ ।

कम्पनीले यही माघ २२ गतेदेखि नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपालीका लागि साधारण शेयर बिक्री गर्ने भएको हो । उक्त कम्पनीले प्रतिकित्ता रु एक सय अङ्कित दरका नौ हजार सात सय कित्ता साधारण शेयर प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) बिक्री खुला गर्ने सार्वजनिक आह्वानपत्रमा उल्लेख छ ।

निष्कासित शेयरमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले आगामी फागुन ८ गतेसम्म अधिकतम एक हजार कित्तासम्म शेयर खरिदका लागि आवेदन दिन सक्नेछन् । कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक मेगा क्यापिटल मार्केट्स लिमिटेड रहेको छ भने कम्पनीलाई इक्रा नेपालले ' इक्राएनपी आइआर बिबी माइनस' प्रमाणपत्र प्रदान गरेको छ ।रासस

# कोसी एक्स्पोमा सगरमाथादेखि केचनाकवलसम्मको जानकारी

विराटनगर । कोसी एक्स्पोमा नेपालकै सबैभन्दा होचो स्थान केचनाकवलदेखि संसारकै अग्लो हिमाल सगरमाथासम्मको जानकारी पाइने व्यवस्था मिलाएको छ

नेपाल उद्योग परिसङ्घ (सिएनआइ) प्रदेश नं १ को आयोजनामा यही माघ १९ गतेदेखि १० दिनसम्म विराटनगरमा आयोजना हुन लागेको सिएनआइ कोसी एक्स्पो २०७९ मा संसारकै अग्लो हिमाल सगरमाथादेखि नेपालकै सबैभन्दा होचो स्थान केचनाकवलका बारेमा जानकारी पाइने व्यवस्था गरिने भएको छ ।

प्रदेश नं १ को भौगोलिक, जातीय र सांस्कृतिक विविधतालाई एक्स्पोका माध्यमबाट अवलोकनकर्तालाई जानकारी दिने उद्देश्यले देखाउन लागिएको जनाइएको छ । त्यसका लागि एक्स्पो स्थलमा ती संरचना निर्माणको काम सुरु भएको हो ।

हिमालदेखि पहाड हुँदै तराईको भू-बनोटलाई एक्स्पोमा दर्शकले हेर्ने र त्यसबाट नेपालको भौगोलिकदेखि सांस्कृतिक सम्पन्ताबारे ज्ञान प्राप्त गर्ने अपेक्षा गरिएको सिएनआइ प्रदेश नं १ का अध्यक्ष भीम घिमिरेले बताउनुभयो ।

विराटनगर महानगरपालिका-२ शङ्करपुरमा एक्स्पोको तयारी तीव्र पारिएको छ । एक्स्पो स्थलमा आवश्यक संरचना जडान र निर्माण जारी छ । ऐतिहासिकरुपमा आयोजना हुन लागेको एक्स्पोमा अवलोकनकर्ताको मनोरञ्जनका लागि कोसी नदीमाथिको सेल्फी पुल, थारु र झाँगडको परम्परागत घरजस्ता संरचना पनि निर्माण सुरु गरिएको जनाइएको छ । आयोजक समितिका संयोजक राजेन्द्र राठीले एक्स्पोमा सविन राई तथा उहाँको फारोह र राजु लामाको मङ्गोलियन हर्ट, अभया सुब्बा द स्ट्रिम इन्जिन्स ब्याण्डका साथै कलाकार एकदेव लिम्बू, नितेशजङ्ग कुँवर, समीर श्रेष्ठ, आशीष गुभाजुको अकोष्ट्रिक सोलो प्रस्तुति र अनुप्रस्थलगायतको प्रस्तुति हुनेछ ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ढल निकास नहुँदा समस्या



लहान । सिरहाको लहान बजारमा व्यवस्थित ढल निकास नहुँदा स्थानीयहरु समस्यामा परेका छन् । बजार क्षेत्रबाट बग्ने ढल कतै भत्किने त कतै जाम पर्ने समस्याले फोहोर पानी घरभित्र पस्न थालेपछि स्थानीय समस्यामा परेका हुन् ।

ढल निकास थुनिएर सार्वजनिक बाटोमा फोहोर जम्मा हुँदा आवतजावत गर्दा नाक थुनेर हिँड्नु पर्ने अवस्था रहेको लहान नगरपालिका–८ का सत्यनारयण चौधरीको भनाइ छ । "ढल निकासको उचित व्यवस्था नहुँदा बारम्बार बजार क्षेत्रको फोहोर पानी घरभित्र पस्ने गरेको छ र यसले निकै दुःख दिएको छ ।" ढल निकासका लागि नगरपालिकालाई पटक-पटक आग्रह गर्दा पनि कुनै सुनुवाई नभएको स्थानीयको गुनासो छ ।

इलाका प्रशासन कार्यालय ग्रामीण चोकदेखि जम्मा हुँदै आएको ढल दक्षिण तिर हुलाकको बाटो हुँदै पूर्व पश्चिम महेन्द्र राजमार्ग आइपुग्दा ढलको नाली जाम भइ बीच बजार जलमग्न भएको छ । कञ्चनपुर–कर्जना सडकखण्ड अन्तर्गत चार लेनको बाटो बिस्तारका क्रममा चाइना रेलवे कम्पनीले लहान बजारमा कलभर्ट बनाउने क्रममा तत्कालका लागि ढल निकासामा समस्या आएको लहान नगरपालिका–७ का वडाअध्यक्ष राम औतार शर्माको भनाइ छ ।

नगरपालिकाले लामो समयदेखि फोहोरमैला र ढलको उचित व्यवस्थापन नगर्दा यो समस्या आएको चाइना रेलवे कम्पनीका जनसम्पर्क अधिकृत नविन दुवाडीको दाबी छ । "कलभर्ट बनाउने काम १० दिनभित्रै सकिन्छ । त्यतिञ्जेलसम्मका लागि जम्मा भएको पानी ट्र्यांङ्करबाट अन्यन्त्र बिस्थापित गेरर भएपनि ढलमा पानीको सतह बढ्न दिएका छैनौं", उहाँले भन्नुभयो । उहाँले फोहोरमैला तथा ढलको दीर्घकालिन व्यवस्थापनको जिम्मेवारी नगरपालिकाको भएको बताउनुभयो ।

नगर प्रमुख महेश चौधरीले नगरपालिका ढल निकाससम्बन्धी व्यवस्थित योजना ल्याउने तयारीमा रहेको बाउनुभयो । "फोहोरमैला तथा ढलको उचित व्यवस्थापन नगरको समस्या हो, वृहत योजनासहित चाँडै समाधान गर्ने तयारीमा छौं", उहाँले भन्नुभयो ।रासस

# मधेश प्रदेशको बालसुधार गृहमा समस्या

वीरगञ्ज । क्षमताभन्दा बढी बालबालिका र आवश्यक पूर्वाधारको अभावमा पर्साको वीरगञ्जस्थित मधेश प्रदेशको एकमात्र बालसुधार गृहमा समस्या भएको छ । न्यून भौतिक पूर्वाधार, बजेट अभाव, सरकारी उदासिनता र क्षमताभन्दा बढी बालक र किशोरलाई कोचर राख्नुपर्ने बाध्यताका कारण प्रदेशको एकमात्र बालसुधार गृह समस्यामा परेको हो ।

साठी जनाको क्षमता भएको सुधारगृहमा एक सय २७ बालक तथा किशोरलाई कोचेर राखिएको छ । त्यहाँ रहेका बालक तथा किशोरमा स्वास्थ्य समस्या बल्झिनाका साथै व्यवस्थापन मिलाउनसमेत कठिन भइरहेको सुधारगृहका प्रमुख टीकाकृष्ण काफ्लेले जानकारी दिनुभयो ।

"क्षमताभन्दा बढी बालक र किशोरलाई कोचेर राख्नुपर्दा उनीहरुमा श्वासप्रवास, ज्वरो र छालासम्बन्धी रोगको सङ्क्रमण देखिन थालेको छ", उहाँले भन्नुभयो, "चिसो मौसम भएकाले थोरै मात्र बालक र किशोरमा स्वास्थ्य समस्या देखिएको अब गर्मी सुरु भएलगत्तै सङ्क्रमण बढ्न थाल्छ तर उचारका लागि पहिलाझै अहिले पनि वार्षिक रु दुई लाख मात्र उपलब्ध भइरहेकाले खर्च पुऱ्याउन कठिन भइरहेको छ ।

ठाउँ अभावका कारण उक्त गृहमा बालबालिका उकुसमुकुसका साथ दैनिक जीवन यापन गर्न बाध्य छन् । एउटै कोठाभित्र धेरै जनालाई कोचर राख्नुपर्दा स्वास्थ्यलगायत



समस्या भइरहेको गुनासो बढेको छ । धेरैजना कोचाकोच गरिबस्दा अक्सिजनको मात्रा घटेर कतिपयमा खुट्टा सुनिने र श्वासप्रश्वासको समस्या हुने गरेको गृहमा कार्यरत स्टापनर्स अन्जु कुमारीले बताउनुभयो ।

"बिरामीलाई पहिला हामी गृहभित्रै उपचार गर्छौं", उहाँले भन्नुभयो, "स्वास्थ्य जटिल हुँदैगए थप उपचारका लागि वीरगञ्जस्थित जनारायणी उपक्षेत्रीय अस्पतालमा लैजान्छौं ।" जाडो याममा भन्दा गर्मी याममा स्वास्थ्य समस्या बढी हुने स्टापनर्स अन्जुको भनाइ थियो। ठाउँ साँघुरो भएकाले गृहमा रहेका बालक र किशोरलाई चेस, क्यारेमबोर्ड बाहेक अन्य खेल खेल्न समस्या छ । "हामीसँग फुटबल, भलिबललगायत खेलकुद खेल्ने ठाउँ छैन, त्यसैले अहिले चेस र क्यारेमबोर्ड मात्र खेल्न दिइएको छ ।" हामीले चाहेर पनि ठाउँ नभएर बालक र किशोरलाई फुटबल, भलिबल खेल्न दिन सकेका छैनौं उहाँले भन्नुभयो ।

करिब डेढ कट्ठा जमिनमा फैलिएको सो सुधारगृहमा साना र ठूला गरी ११ कोठा छन् । साना कोठामा १२ देखि १४ जना र ठूलोमा ३१ जनासम्मलाई कोचेर राखिएको छ । कानुनी विवादमा फसेका पर्सादेखि सप्तरीसम्मका अदालतबाट पुर्पक्ष तथा कैद सजायका लागि उक्त सुधार गृहमा बालक र किशोरलाई पठाइएका हुन् ।

तत्कालीन अनाथालय भवनलाई गत २०७५ भदौमा बालसुधार गृहको रुपमा सञ्चालन गरिएको हो । सो गृहमा हाल आश्रितमध्ये ४१ जबर्जस्ती करणीका, २० लागुऔषध मुद्दाका, १० सवारी ज्यान मुद्दाका र सातजना अपहरण तथा शरीरबन्धक मुद्दाका छन् ।

यसैगरी चोरी, कर्तव्य ज्यान, मानव बेचबिखन तथा ओसारपसार, खोटा चलन, नागरिकता किर्ते उद्योग र बालविवाह मुद्दाका पनि छन् । बालबालिकाको मुद्दा अधिकतम एक सय २० दिनमा फैसला गरिनुपर्ने व्यवस्था ऐनमा रहे पनि लामो समयसम्म फैसला नहुँदा सुधार गृहमा क्षमताभन्दा बढी बालक तथा किशोर रहेको प्रमुख काफ्लेले बताउनुभयो ।

कूल आश्रितमध्ये डेढ दर्जनको मात्रै मुद्दा फैसला भएको र बाँकी पुर्पक्षमै रहेको उहाँले बताउनुभयो । काठमाडौं र पोखरामा रहेका बाल सुधारगृहमा विद्यालय, र अस्पतालको पनि सुविधा भए पनि यहाँ भने त्यस्तो सुविधा नभएकाले समस्या भइरहेको प्रमुख काफ्लेले बताउनुभयो । सुधारगृहमा रहेका बालक र किशोरको मानसिक र शैक्षिक विकासका लागि गृहभित्रै पुस्तकालय तथा मनोरञ्ज कक्षसमेत सञ्चालन गरिएको छ तर झन्झटिलो कानुनी व्यवस्थाका कारण गृह सञ्चालनका लागि धेरै निकायसँग समन्वय गर्नुपर्ने बाध्यताका कारण थप समस्या भइरहेको उहाँको गुनासो थियो ।

सङ्घीय सरकार मातहत रहेको बालसुधार गृहमा देखिएको समस्या समधानका लागि सरकारले समयमै ध्यान दिनुपर्ने वीरगञ्जका बुद्धिजीवी बेचन साहको भनाइ थियो । "बालसुधार गृह अहिले यातना गृहजस्तै बन्न थालेको छ", उहाँले भन्नुभयो, "यो एकदमै दुःखद् कुरा हो, यसको सुधारमा सरकारले ध्यान दिनुपर्छ ।"रासस

# सिँचाइ उपकरण र कृषियन्त्र वितरण गर्दै कृषि ज्ञान केन्द्र

जनकपुरधाम । कृषि ज्ञान केन्द्र धनुषाले साना सिँचाइ प्रवर्द्धन र कृषिको व्यवसायीकरणका लागि बर्सेनि लाखौं रुपैयाँ लागतका सिँचाइ उपकरण तथा कृषियन्त्र वितरण गर्दै आएको छ ।

केन्द्रका प्रमुख शङ्करप्रसाद साहले सिँचाइ सुविधा नपुगेका क्षेत्रमा सुविधा पुऱ्याउन र कृषक तथा कृषि मजदुरलाई उपकरण र कृषियन्त्र वितरण गरिँदै आएको जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा करिब रु ८० लाख बराबरका साना सिँचाइ उपकरण र सोही रकम बराबरका कृषियन्त्र उपलब्ध गराइने बताउनुभयो । गत कात्तिकमा जारी सूचनाका आधारमा स्थानीय कृषक, कृषि समूह, कृषि सहकारी संस्था र कृषि उद्यमीबाट प्राप्त प्रस्तावअनुसार एक सय २५ जनालाई सिँचाइ मेसिन र उपकरण वितरण गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

"साना किसान तथा कृषक समूहलाई प्रोत्साहन गर्ने गरी ८० प्रतिशतसम्मको अनुदानमा सिँचाइ उपकरण सहयोग गर्न लागेका छौं", साहले भन्नुभयो, "यसअन्तर्गत स्यालो टयुबेल, मोटर पम्पसेट जडान तथा इनार निर्माणजस्ता कार्य हुनेछन् ।" उहाँले यसअघि सहयोग नपाएका अधिकांश किसानलाई छनोट गरेर सहयोग गर्न लागिएको उहाँको भनाइ छ ।

त्यसैगरी कृषक तथा कृषि मजदुरलाई लक्षित गरी कृषि गतिविधि र कृषिखेतीमा प्रयोग हुने उपकरण प्रदान गर्ने तयारी भइरहेको कृषि ज्ञान केन्द्रका कृषि अधिकृत प्रदीपकुमार यादवले जानकारी दिनुभयो । कृषियन्त्र सहयोगका लागि सार्वजनिक सूचना जारी गरी यही माघ २४ गतेसम्म प्रस्ताव सङ्कलन कार्य हुने उहाँले बताउनुभयो ।

> **कार्यालय प्रमुख साहले पनि यसरी उपलब्ध हुने उपकरणले किसानलाई कृषिको आधुनिकीकरणमार्फत व्यवसाय अभिवृद्धि र स्वरोजगार वृद्धिमा सघाउ पुग्ने अपेक्षा छ ।**

कार्यालय प्रमुख साहले पनि यसरी उपलब्ध हुने उपकरणले किसानलाई कृषिको आधुनिकीकरणमार्फत व्यवसाय अभिवृद्धि र स्वरोजगार वृद्धिमा सघाउ पुग्ने अपेक्षा छ । अहिलेसम्म सहयोग नपाएका कृषकलाई प्राथमिकतामा राखी कृषि गतिविधि र कृषिकार्यमा प्रयोग हुने मिनीटिलर, पावर टिलरलगायत उपकरण ७५ प्रतिशतसम्म अनुदानमा उपलब्ध गराइने भएको छ ।

एक लाख १९ हजार हेक्टर भू-उपयोग क्षेत्रफल रहेको धनुषामा ७६ हजार पाँच सय ३१ हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये ३५ हजार एक सय २८ हेक्टर सिञ्चित जमिन छ । बाँकी क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले यहाँ हरेक वर्ष कृषि ज्ञान केन्द्रलगायत निकायले उपकरण र कृषिको आधुनिकीकरण गरी व्यवसायीकरणका लागि कृषियन्त्र उपलब्ध गराउँदै आएका छन् ।

"हामीले हरेक वर्ष लाखौंका कृषियन्त्र तथा उपकरण उपलब्ध गराउँदै आएका छौं, तर त्यसको उपयोगिता के भइरहेको छ ? वास्तविक किसानले लाभ पाइरहेका छन् कि छैनन् भनेर हेर्नुपर्ने आवश्यकता छ", साहले भन्नुभयो, "हाम्रो अनुगमन संयन्त्रका अलवा स्थानीय समूह तथा सरोकारवालाले पनि गम्भीर चासो र निगरानी गर्नुपर्ने जरुरी छ । त्यसो गरेमा वास्तविक व्यक्ति तथा समूहले लाभ पाउँछन् ।" वास्तविक किसानभन्दा अरुले नै लाभ लिइरहेको विषयमा देशभरि नै गुनासो सुनिने गरेको उल्लेख गर्दै उहाँ धनुषामा पनि प्राप्त सहयोगको उचित उपयोग गरी अधिकतम् लाभ लिने कुरामा लक्षित व्यक्ति तथा समूहलाई गम्भीर बन्न आग्रह गर्नुहुन्छ ।रासस

## बारामा एक लाख २१ हजार मेट्रिक टन आलु उत्पादन

कलैया । बारामा यस वर्ष कृषकले विभिन्न जातको आलुखेती गरी कुल एक लाख २१ हजार ६२ दशमलव पाँच मेट्रिक टन आलु उत्पादन गरेका छन् ।

आलुखेतीका लागि मौसम अनुकूल भएको तथा शीतलहरबाट बचाउन कृषकले समय-समयमा औषधि छरेका कारण गत वर्षको तुलनामा यस वर्ष आलु उत्पादनमा वृद्धि भएको भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत रामअसिस ठाकुरले जानकारी दिनुभयो ।

यस वर्ष आलु उत्पादनमा शुन्य दशमलव २५ प्रतिशतले वृद्धि भएको छ । कृषकले विभिन्न जातका आलु सात हजार चार सय ५० हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर १६ दशमलव २५ मेट्रिक टनको दरले रु दुई अर्ब ४२ करोड १२ लाख ५० हजार मेट्रिक टन आलु उत्पादन भएको उहाँले जानकारी दिनुभयो ।

कलैया बजारमा अहिले आलु प्रतिकिलो रु २० देखि रु २५ मा बिक्री वितरण भइरहेको छ । गत वर्ष कृषकले विभिन्न जातका आलु सात हजार चार सय २० हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर १६ मेट्रिक टनका दरले रु दुई अर्ब ३७ करोड ४४ लाख बराबरको आलु उत्पादन गरेका थिए । एक लाख १८ हजार सात सय २० मेट्रिक टन आलु उत्पादन भएको केन्द्रले जनाएको छ ।रासस

# साउना, स्टिम र जाकुजी लिने बढ्दै, शरीरलाई आनन्द र तनावमुक्त राख्ने

काठमाण्डु । आजभोलि मानिसहरु थकानबाट मुक्त हुनका लागि स्पा, साउना, स्टिम, जाकुजी जस्ता सेवाबाट आनन्द लिने गरेको पाइएको छ । शरीरभित्रका रहेका खराब वस्तु (विकारण तत्व) फाल्न र कामबाट थकित भएका मानिसहरु एकछिन भए पनि शरीरलाई आनन्दका लागि स्पा, साउना, स्टिम र जाकुजीतर्फ आकर्षित हुन थालेका छन् ।

यसमा मानिसहरुलाई तातो पानी बस्ने, पानीको बाफ, सुक्खा तातो विधिबाट शरीरलाई आनन्दमय बनाउने गरिन्छ । आयुर्देव तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा वासुदेव उपाध्यायले मानिसलाई तनाव व्यवस्थापन गर्न र आनन्द बनाउन स्पा, साउना, स्टिम र जाकुजी जस्ता गर्ने गरेको बताउनुहुन्छ । "ती विधिबाट मानिसको उपचार नै हुन्छ भन्ने हुन्न," उहाँले भन्नुहुन्छ, "तर मानिसलाई थकाइ तथा तनाव भएको बेला आनन्दको अनुभव हुन्छ ।"

चिकित्सकहरुले पनि मानिसलाई तनावबाट टाढा रहनका लागि स्पा, साउना, स्टिम र जाकुजी गर्नका लागि सिफारिस गर्ने गरेको पाइन्छ । यस्ता सेवा दिने अधिकांश संस्थाहरु दर्ता बिना नै सञ्चालनमा रहेकाले तिनलाई दर्ता गराउने तयारीमा रहेको महानिर्देशक डा उपाध्यायले बताउनुभयो । छाती रोग विशेषज्ञ डा प्रकाश पौडेलले स्पा, साउना, स्टिम, जाकुजीले मानसिक तथा शारीरिक रुपमा आनन्द बनाउने बताउनुहुन्छ । उहाँका अनुसार केही निश्चित समयमा स्पा, साउना, स्टिम, जाकुजीमा बस्ने हो भने आनन्दका साथै शरीरलाई पनि फाइदा गर्दछ । उहाँले हप्तामा एक वा दुई पटक साउना, जाकुजी, स्टीम र स्पा गएमा शरीरलाई आनन्द बनाउन सकिने धारणा राख्नुहुन्छ ।

नेपाल वेलनेस एन्ड स्पा एसोसिएसनका अध्यक्ष तथा ट्र्याडक्युलिटी स्पाका कार्यकारी निर्देशन सुरेश पुरी चिकित्सकले सिफारिस गरेका मान्छेहरु पनि स्पा, साउना र जाकुजी लिन आउने गरेको बताउनुहुन्छ । उहाँले दिनभरिको थकान तथा मानसिक थकान मेटाउन मानिसहरु 'रिल्याक्स' हुन बढी आउने गरेको बताउनुहुन्छ । "टेबुलमा एकोहोरो काममा लाग्ने मानिसहरु बढिजसो थकानबाट मुक्त गर्नका लागि आउने गर्दछन्", उहाँले भन्नुभयो, "स्वास्थ्यलाई ख्याल गरेर कुनै रोग लाग्न दिनुभन्दा रोकथाम गर्ने उद्देश्यले मानिसहरु बढी आउने गरेका छन् ।"

साउना, स्टिम र जाकुजी गर्न छाला, हाड जोर्नीसम्बन्धी बढी समस्या भएका मानिसहरु आउने गरेको उहाँको भनाइ छ । उहाँका अनुसार देशभरिमा ६ सय ५० स्पा सेन्टर रहेका छन् । तीमध्ये आधाभन्दा बढी काठमाडौंमा नै रहेका छन् । अधिकांश तारे होटेलहरुमा यो सेवा रहेको छ ।

जोर्नी दुखेको र छालासम्बन्धी रोग भएका बिरामी स्टिम र साउनाले फाइदा गर्ने उहाँले बताउनुभयो । बाथ रोग, दुखाइ, सुन्निनेलाई पनि फाइदा गर्दछ । हप्तामा एक-दुई पटक साउना, स्टिम र जाकुजीले मानिसलाई आनन्द बनाउनुको साथै शरीरमा रहेका विकारणलाई फाल्ने उहाँ बताउनुहुन्छ । उहाँका अनुसार साउना, स्टिम र जाकुजीमध्ये एक विधि गर्नका लागि एक हजारदेखि एक हजार पाँचसय रुपैयाँसम्म पर्ने गर्दछ ।

> **"जाडोयाममा मानिसहरुको हिँड्डुल पनि कम हुने र शरीर पनि त्यति चलायमान हुँदैन", उहाँले भन्नुभयो, "जसले गर्दा रक्तसञ्चार पनि राम्रोसँग हुन पाउँदैन । स्पा, स्टिम, साउना र जाकुजीले शरीरको रक्तसञ्चार गराउन मद्दत पुऱ्याउँछ ।"**

ट्र्याडक्युलिटी स्पामा दैनिक २०-२५ जना मानिस शरीरलाई आनन्द बनाउनका लागि आउने गरेको उहाँ बताउनुहुन्छ । स्पा एसोसिएसनका अध्यक्ष पुरीले नेपालमा बेलनेसको गन्तव्य स्थल बनाउने सके धेरै पर्यटन नेपाल आउने बताउनुहुन्छ। सरकारी कलेजमा अध्ययनरत विद्यार्थीलाई तीन महिनाको तालिम दिएर रोजगारी पनि दिने गरेको उहाँले जानकारी दिनुभयो ।

पानीबाट गरिने उपचार पद्धतिलाई 'स्पा' पनि भनिन्छ । स्पा उपचार पद्धति नौलो लागे पनि यो परापूर्वकालदेखि नै चल्दै आएको विधि हो। कुनै बेला युरोपेली मुलुकहरुले जमेको पानी अथवा झरनामार्फत उपचार गर्थे, जसलाई 'स्पा' भन्ने गरिन्थ्यो । स्पाले मानिसलाई स्वस्थ्य बनाउनाका साथै रक्तसञ्चार बढाउने, रोगसँग लड्न सक्ने क्षमता बढाउने, थकान कम गराउने, खानामा रुचि जगाउने र निन्द्रा लगाउन मद्दत गर्ने यसका प्रयोगकर्ताहरु बताउँछन् ।

सामान्यतः स्पा तीन घण्टाको हुन्छ । स्पाले स्नायु प्रणालीलाई पुनर्ताजगीसमेत काम गर्ने अध्यक्ष पुरीको भनाइ छ । उहाँका अनुसार स्पाले शरीरमा सकारात्मक ऊर्जा उत्पन्न गर्छ र तनाव तत्काल कम गर्न मद्दत गर्छ । स्पाले शरीरका विषाक्त पदार्थहरु निकालेर प्रतिरोध क्षमता बढाउँछ र रक्तसञ्चारलाई ताजा राख्छ ।

'स्टिम' भनेको पानीको बाफबाट दिइने तातो हो भने 'साउना' भनेको सुक्खा तातो बाफ हो । यी दुवै विधिअन्तर्गत तापक्रम मिलाइएको कोठामा बस्दा शरीरबाट पसिना निस्कन थाल्छ । कुनै शारीरिक कसरत वा श्रम नगरी धेरै पसिना बग्छ । यसरी पसिना बग्दा शरीर स्वस्थ राख्न मद्दत पुग्छ ।

स्टिम र साउनाले शरीरमा रगत सञ्चालनमा फाइदा गर्छ । तातोले नसा खुलाउने काम गर्छ र मुटुरोगीका लागि फाइदा पुग्छ । यसलाई हप्तामा एक-दुई पटक प्रयोग गऱ्यो भने उच्च रक्तचाप भएकाहरुको रक्तचाप नियन्त्रण गर्न र तनाव घटाउन मद्दत मिल्छ ।

स्टिम र साउनामा १५-१५ मिनेट बसेपछि आनन्द महसुस हुन्छ । शरीरमा भएका विकार हटाउँछ र छालाका प्वालहरु खोलेर फुर्तिलो बनाउँछ । शरीरमा टाँसिएको धुलोधुवाँका कण स्टिम र साउना लिँदा आउने तातोले पसिनाका माध्यमबाट बाहिर निकालिदिन्छ ।

जाकुजी तातो पानीमा १० देखि १५ मिनेट बस्ने विधि हो । यसमा तातोपानीको फोहराले शरीर रक्तसञ्चार गराउनाका साथै आनन्द बनाउँछ । शरीरमा भएका विकारलाई हटाउन, तनावबाट मुक्ति दिलाउँछ, छालामा जमेको फोहोर निकालेर सफा बनाउन स्टिम र साउनाले मद्दत गर्दछ ।

स्टिम र साउनाले मोटोपना घटाउन मद्दत गर्छ, स्वस्थ रगत सञ्चालनमा मद्दत गर्छ, शरीरले आनन्द महसुस गराउने गर्दछ । जोर्नीहरु कडा भएर हिँड्डुल गर्न गाह्रो हुनेलाई स्टिम र साउनाले जोर्नीहरु खुकुलो बनाउने गर्दछ । नियमित जिम जान वा व्यायाम गर्न नसक्ने वा नभ्याउने मानिसका लागि शरीर स्वस्थ राख्न स्टिम र साउना राम्रो विकल्प हो ।

गर्मी मौसममा भन्दा जाडो मौसममा स्टिम र साउना बाथ लिनेहरु धेरै हुन्छन् । यसै पनि जाडो मौसममा तातो भएर बस्दा आनन्द आउँछ, त्यसमाथि शरीरलाई पनि फाइदा पुग्छ । गर्मी महिनामा भने स्टिम र साउनाले शरीरबाट पसिना निकाली स्वस्थ बनाउने गर्दछन् ।

स्पा एसोसिएसनका अध्यक्ष पुरीले गर्मीभन्दा पनि जाडो याममा स्पा, स्टिम, साउना र जाकुजीले शरीरलाई फाइदा गर्ने बताउनुहुन्छ । "जाडोयाममा मानिसहरुको हिँड्डुल पनि कम हुने र शरीर पनि त्यति चलायमान हुँदैन", उहाँले भन्नुभयो, "जसले गर्दा रक्तसञ्चार पनि राम्रोसँग हुन पाउँदैन । स्पा, स्टिम, साउना र जाकुजीले शरीरको रक्तसञ्चार गराउन मद्दत पुऱ्याउँछ ।"रासस

शहीद सप्ताह

# माथेमाको सम्झानामा स्मृतिसभा

काठमाण्डु । शहीद धर्मभक्त माथेमालाईप्राणदण्डदिएकोस्थानसिफल उकालोमा आज स्मृतिसभाको आयोजना गरी स्मरण गरिएको छ । काठमाडौं महानगरपालिका मूल समारोह समितिले आज यहाँ आयोजना गरेको कार्यक्रमअन्तर्गत प्रजातन्त्र प्राप्तिका लागि धर्मभक्त माथेमाले अमरत्व प्राप्त गर्नुभएको स्थान सिफलमा स्मृतिसभा गरिएको हो ।

शहीद माथेमाको सालिकमा पुष्पगुच्छा अर्पण गर्दै कामपाका उपप्रमुख सुनिता डङ्गोलले, प्रजातन्त्र प्राप्ति र सामाजिक रुपान्तरणमा पुऱ्याउनु भएको योगदानको चर्चा गर्नुभयो । स्मृतिसभामा कामपा-७ का अध्यक्ष बिमलकुमार होडाले शहीदहरूले शासन व्यक्तिको होइन, विधिको हुनुपर्छ भनेर दिएको सन्देश ग्रहण गर्नुपर्ने धारणा राख्नुभयो ।

शहीदहरूले नागरिकको स्वतन्त्रताबाहेक अरू केही पनि अपेक्षा नगरेको त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले बताउनुभयो ।

विसं १९६६ आश्विन ९ गते काठमाडौंको ओमबहाल, जन्मनुभएका माथेमालाई तत्कालीन शासकको विरुद्धमा गतिविधि सञ्चालन गरेको आरोपमा ३१ वर्षको युवा अवस्थामा विसं १९९७ माघ १३ गते, काठमाडौंको सिफल उकालोमा रहेको बकाइनोको रूखमाझुन्ड्याएरप्राणदण्डदिइएको थियो ।

तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेरले विसं १९९७ माघ ६ गते शहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दलाई मृत्युदण्ड दिने निर्णय गरेका थिए । निर्णय भएको चार दिनपछि शुक्रराज शास्त्रीलाई टेकु पचलीमा झुन्ड्याएर, सात दिनपछि धर्मभक्त माथेमालाई सिफल उकालो रूखमा झुन्ड्याएर र नौ दिनपछि दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभाभगवतीमा गोली हानी ज्यानदण्ड दिइएको थियो । पारिवारिक रुपमा प्रयोग हुँदै आएको शासकीय शक्ति जनतासम्म पुऱ्याउने क्रममा अमरत्व प्राप्त गर्ने शहीदको सम्झनामा कामपाले हरेक वर्ष माघ १० देखि १६ गतेसम्म शहीद सप्ताह कार्यक्रम गर्दै आएको छ ।

सप्ताहको यपी कार्यक्रमअन्तर्गत यही माघ १५ गते शोभा भगवतीमा गङ्गालाल श्रेष्ठ र दशरथ चन्दले अमरत्व प्राप्त गरेको स्थानमा स्मृतिसभा आयोजना हुनेछ । शहीद सप्ताहको अन्तिम दिन यही माघ १६ गते शान्तिवाटिकाबाट सुरु हुने प्रभातफेरी लैनचौरस्थित शहीद पार्कमा पुगी ज्ञातअज्ञात सहितको सम्झनामा स्मृतिसभा गरिनेछ ।रासस

# राष्ट्रपति चयनमा राष्ट्रिय सहमति खोज्नुपर्ने माओवादीको जोड

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) ले राष्ट्रिय सहमतिका आधारमा राष्ट्रपतिको चयन हुनुपर्नेमा जोड दिएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शुक्रवार बसेको स्थायी समितिको बैठकले राष्ट्रिय सहमतिका आधारमा नै राष्ट्र प्रमुख चयन हुनुपर्नेमा जोड दिएको हो । बैठकमा बोल्ने अधिकांशले संवैधानिक भूमिका रहने भए पनि राष्ट्रपति चयन गर्दा सबै पाटा र पक्षलाई ख्याल गर्न सक्ने र सबैको स्वीकार योग्य व्यक्ति आवश्यक रहेकामा जोड दिइएको पार्टी उपाध्यक्ष एवं प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्रिय सहमतिअनुसार नै राष्ट्रपति चयन गर्न पहल गर्ने विषयमा नै अधिकांश स्थायी समिति सदस्यले आफ्ना धारणा राख्नुभएको छ । हामीले दलहरूसँग छलफल गर्छौ । कहाँ राष्ट्रिय सहमति हुन्छ ।' बैठकमा विभिन्न पार्टीसँग पछिल्ला दिनमा भएका पार्टी एकतासम्बन्धी छलफलका क्रममा भएका विषयमाथिको प्रतिवेदन उपाध्यक्ष महराले पेश गर्नुभएको थियो ।रासस

## जनहितमा जारी सन्देश

- जन्मदर्ता, मृत्युदर्ता, बसाइसराई लगाएत घटनाहरु समयमै दर्ता गर्ने गरौं,
- ५ वर्ष पुगिसकेका आफ्ना बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं,
- सडक किनारमा गाई वस्तु नबाधौं,
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं,
- नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं,
- सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

गुजरा नगरपालिका
सिमरा भवानीपुर, रौतहट

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## देशमे बसल सपेरा

केकरा प करु विश्वास सब नेता हइ देशके लुटेरा
जनता सबके खुन चुसबला यि सब हइ एगो सपेरा
केकरा प करु विश्वास ॥
रङ्गबिरङके रुप लके यि सब बदल्ने हइ भेषभुषा
यिहे पापी गद्दार सबके कारण अपना देशके हइ एहन दुर्दशा
केकरा प करु विश्वास॥
बाहर देखैछि त रहैय दुश्मन बैनके भितर अैबते
भजाइय भाईभाई
देश बेचके,देश लिइटके खाईय यि हइ एकरा सबके कमाई
केकरा प करु विश्वास॥
करनी धरनी कुछो नइ रहत आ मन्च पर बात करत
बरका बरका
पैसाके लालचमे सबहे मिलजाइ है वकरा सबके कार्यकर्ता
केकरा प करु विश्वास॥
अपने सबके भोट लके अपने सब प चलबैय कडा साशन
एकौटा बात नइ पुरा करैय,जे करने रहै मन्च प भाषण
केकरा प करु विश्वास॥
केकरा प करु विश्वास सब नेता हइ देशके लुटेरा
जनता सबके खुन चुसबला यि सब हइ एगो सपेरा
केकरा प करु विश्वास ॥



लेखक-पप्पु कुमार मण्डल
ठेगाना - सिरहा कल्याणपुर न.पा ३ (इटारी प्रसाही)

## कविता

दिक्क लाग्छ
देश भष्टाचारीको भुमरीमा देखेर दिक्क लाग्छ
युवा युवती बेरोजगारी देखेर दिक्क लाग्छ
देखन त के के देखियो यो देश मा कुरै न गरौं
सुरक्षा गर्ने पुलिस प्रसासनको मनमानी देखेर
दिक्क लाग्छ
गाउँ देखि शहर सम्म गरीब दुःखी ले नै दुःख पाए
नेताहरुको किरदानी देखेर दिक्क लाग्छ
बेटी बचाउ बेटी पढ़उ कानूनको पन्ना मै रहयो
तराई मधेशमा दहेज लिएको दिएको देखेर
दिक्क लाग्छ
युवा युवतीहरु देश छोड़ी प्रदेश गए
खेत बारी गर्न लाई खेतला पाएन
विचारा ति आमा बुवाको दुःख तकलीफ
देखेर दिक्क लाग्छ
नेताहरुले गर्नु गरेछ सोझा साझा नेपाली लाई
कुर्सी को भाग भण्डा देखेर दिक्क लाग्छ
किसानहरु सधै मल खादको मार मा परे छन
तर मान्य ज्युहरु गफारी देखेर दिक्क लाग्छ



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार
दोहा कतार

## 'जिजी काहे कहु

पहिलका बेर पावर न मेहनत कम परलई अब्की बेर नाम
निक्ली वादा बा
मालुम बा कि भैकेन्सी सएगो सिटके आ असि हजार फरम भराई
पर हमरा त एकेगो सिट चाही ओमे त निनान्बेगो सिट जादा बा
मालुम बा कि नाम निकाल्ल सिम्पल हई पर इजी काहे कहु
आ जब मेहनतके फल दी उपरवाला त कौनोके जिजी काहे कहु
पैसालेके कौनो हमरा न ठगलख मेहनत हमही कमकई लि अपने
आपके ठग्ली
मौखिक तक त पुगेला पुग्ली पर दौरहिला लेटसे जग्ली
हम कहिले मेहनतसे निक्ललई सब कहलई कि पावरसे नाम
निक्ललई बिचार ओकर हम निजि काहे कहु
आ जब मेहनतके फल दि उपरवाला त कौनोके जिजी काहे कहु
अब्की गुल मेहनत आ मोटीभेस्नके कौनो कमिए न मौखिकमे
छटाएल बारे अब्की तोहर होबे करतौ अलफ्रेन्ड कहलई
आहाके नोकरी न लागलई एकर मतलब आहा असफल न
सायद उपरवाला नोकरी करेवाला आ लेवेबाला न नोकरी
देवेबाला बनतई गलफ्रेन्ड कहलई
आ ह मतलबी लोगके काम न करम त न करम फ्री बारी त
बिजी काहे कहु
आ जब मेहनतके फलदि उपरवाला त कौनोके जिजी काहे कहु
मेहनतसे मेहनतकके बनम पैसासे वर्दी फर्जी न लगाएम
आ नोकरी न लागि त न लागि बाकी कौनोके अर्जी न लगाएम
मजाक उरावेबालाके मजाक उरावे दहु हम त फिर भी
असफल बारी ईहा त सफललोगके मजाक उरावलई
असफल लोग मतलब
जे देहसे न सोचसे बिमार हई ओके मरीजी काहे कहु
आ जब मेहनतके फल देतई उपरवाला त कौनोके जिजी काहे कहु



लेखक:नौसाद अन्सारी
ठेगाना:-परोहा न.पा-ण्ठ, रौतहट

## कविता

कुनै समयको निष्पक्ष आगो
पक्षपाती भएको छ अचेल ।
हरेक प्रकारका दूर्भावलाई दूर गर्ने आगो,
अहिले दूर्भावबिरूद्धको बोली जलाउने भएको छ ।
बैरभावहरू जलाउने आगो अचेल,
सद्भावहरू जलाउन थालेको छ ।
सगरमाथा झैँ ठडिएको छ
असमानता र बेईमानीको डंगुर,
तर आगो मान्छेका मनहरू जलाईन तल्लीन छ ।
धेरै थिए जल्नुपर्ने कुराहरूः
जाली तमसुकहरू,
असमान सम्झौताहरू,
र बेईमान कानुनहरू ।
जल्न बाँकी नै थिएः
कुरितीमा आधारीत समाज,
अन्धबिश्वासी मानसिकता,
दुराचारी शाषन !
स्वघोषित शासकका सानहरू
जल्नै बाँकी थिए !
तर
आगो आफैँ बेईमानी भयो
र जलायो यि सबैको बिरोध गर्ने आवाजहरू ।
सपनाहरूलाई जलायो !
बिश्वासहरूलाई जलायो ।
मनहरूलाई जलायो ।
अनि सँगसँगै एउटा शरीर जलायो ।
सरकार !
ओ सरकार !
जल्न त यौटा शरीर जल्यो,
तर त्यही शरीरसँग तेरै मृत्यु भयो ।
अब आफ्नै मृत्युको शोकदिवस मनाउनु ल ।



नामः करण याढब
कक्षा : १२(I.Com from RJC)
ठेगाना : हंसपुर न.पा.) ४
टोलः सुगामधुकरही वार्ड) ७

# ३४ वर्षमा व्रतबन्ध गरेका पुष्प विवाहको तयारीमा

काठमाण्डु । बिहीबार अभिनेता पुष्प खड्काको एक तस्बिरले धेरैलाई अचम्मित तुल्यायो, जसमा उनको निधार र शरीरमा सेतो चन्दन पोतिएको थियो भने उनलाई दुईजना महिलाले दुबो र फूलले पूजा गरिरहेको देखिन्थ्यो । यो तस्बिर हेरेपछि धेरैले गुपचुप रुपमा उनले बिहे गर्न लागेको आँकलन गरे । तर, केहीछिनमा उनले रहस्यको पर्दा उघार्दै फेसबुकमार्फत् आफ्नो व्रतबन्ध भएको जानकारी गराए ।



प्रायः हिन्दू धर्मालम्बीहरुको बाल्यकालमै व्रतबन्ध हुने गर्छ । पुष्पले भने ३४ वर्षको उमेरमा व्रतबन्ध गरेका हुन् । उनले यो उमेरमा आएर व्रतबन्ध गर्नुलाई धेरैले विवाहका लागि बाटो खुलाएको हुनसक्ने अड्कलबाजी काटेका छन् । पुष्पले पनि विवाह गर्न लागेको कुरा स्वीकार गरेका छन् । उनले आफू विवाहको तयारीमा रहेको जानकारी दिए । यसै वर्ष बिहेको तयारी भैरहेको उनले बताए ।

पुष्पले फिल्मीखबरसँग भने- 'म परिवारको जेठो छोरा भएकाले बिहेका लागि थेगिनसक्नुको दबाब छ । व्रतबन्ध गरेर बिहेका लागि बाटो खुलाएको हो भन्दा गलत हुँदैन । अब फिल्म र पारिवारिकजीवनएकसाथअगाडि बढाउँछु । सम्भवतः यसै वर्ष विवाह हुन सक्छ । अहिले विवाहका लागि माहोल बनिरहेको छ ।' हुनेवाला दुलही फिल्म क्षेत्रभन्दा बाहिरको हुने पनि उनले बताएका छन् ।

यस वर्ष पुष्पका दुई फिल्म 'कृष्ण लीला' र 'तिम्रो मेरो साथ' प्रदर्शन भैसकेका छन् । यही माघ २७ गते उनको नयाँ फिल्म 'मनसँग मन' रिलिजको तयारीमा छ । उनी चाँडै फिल्म 'एक्स ९'को छायांकनमा व्यस्त हुँदैछन् । यो फिल्मको छायांकनका लागि उनको यसै साता क्यानडाको भिसा समेत आइसकेको छ । अभिनयमा कुशल मानिने खड्काको यतिबेला नेपाली फिल्ममा राम्रो माग छ ।

# दीपक वलीको निर्देशनमा बन्ने 'कामिनो' मा प्रदीप

काठमाण्डु । 'कृष्ण लीला' फेम्ड निर्देशक दीपक वलीको निर्देशनमा फिल्म 'कामिनो' निर्माण हुने भएको छ । बुधबार थिम पोस्टर रिलिज गर्दै फिल्मको शीर्षक र अभिनेताको नाम सार्वजनिक गरियो । स्पेनिस शब्दबाट नामाकरण गरिएको फिल्ममा प्रदीप खड्का मुख्य भूमिकामा रहनेछन् । त्यसो त केही दिनअघि नै दीपक वलीको फिल्ममा उनले काम गर्न लागेको खबर सार्वजनिक भएको थियो ।

स्पेनिस भाषामा 'कामिनो'को अर्थ बाटो हुन्छ । पोस्टरमार्फत् पनि फिल्मको नामको अर्थ प्रष्ट्याउन खोजिएको छ । पोस्टरमा एक व्यक्ति झोला बोकेर हिँडिरहेको देख्न सकिन्छ भने विशाल समुन्द्रमा जहाज यात्रारत देखिन्छ । फिल्मको कथा यात्रासँग सम्बन्धित रहेको पोस्टरले बुझाउँछ । सुनिल विष्ट गौली कार्यकारी निर्माता रहेको फिल्मको पटकथा तथा संवाद महेश दवाडीले लेखेका हुन् ।

एक्सेस नेपाल फिल्मस्को निर्माण रहने फिल्ममा पूर्ण लामा क्रियटिभ डिरेक्टरमा छन् । नेपालका साथै ल्याटिन अमेरिकाको विभिन्न स्थानमा छायांकन हुने फिल्म प्रेम, रोमान्स र सस्पेन्सयुक्त रहने निर्देशक ओलीले बताए । सौरभ लामाको छायांकन, गीतमा एसडि योगी र एलिस कार्कीको संगीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहने यस फिल्ममा दिनेश प्रकाश महरा प्रोडक्शन डिजाइनमा छन् ।

दिनेश बहादुर राउत मुख्य सहायक निर्देशक रहने फिल्मको सहायक निर्देशकमा अमृतमान ओली छन् । स्क्रिप्ट लेखनमा लेखक दवाडीलाई कुञ्जन भट्टराईले सघाएका छन् । आगामी चैत्र तेश्रो साताबाट छायांकन सुरु गर्ने तयारीमा निर्माण टिम छ ।

## गजल

सुतेपछि म प्रधानमन्त्री भएको देख्छु
देशलाई समृद्ध भएको पाउँछु
हेर्छु जता ततै समृद्धी छाएको देख्छु
चिसो पेटीमा निदाएका दाजुभाईलाई सपनाको महलमा बसाउँछु
खाडीमा गलेका ति हातखुट्टा आफ्नै जन्मभूमिको हिलोमा रमाएको
देख्छु
अनि बिरानो सडकमा टिलपिल गर्दै हेर्दै बसेका ती बुढा बाबै बुढी
आमोइलाई आफ्नै सन्तानकोझैं आभाष दिलाउँछु
सिमानामा काँडेतार लगाएको पाउँछु
यो सबै देखेर खुशीको आशु झार्छु
त्यही आशुले म ब्यूँझन्छु
र घडीको त्यो ट्वाक ट्वाकसँगै लामो स्वास फेर्दै भन्छु,
कास यो विपना भइदिएको भए हुन्थ्यो तर, (२)
तर दुर्भाग्य त्यो त सपना मात्रै थियो त्यसपछि उठेर
अर्काको देशमा काम तिर र लाग्छु



लेखक : अमरेन्द्र कुमार महतो

# 'गुलाबी' मा नाजिर 'ट्रान्सवुमन'

काठमाण्डु । महिला निर्देशक समुन्द्र भट्टद्वारा निर्देशित फिल्म 'गुलाबीः एकरंग'मा अभिनेता नाजिर हुसेनले पहिलो पटक ट्रान्सवुमन (पारलिंगी महिला)को भूमिका निर्वाह गरेका छन् ।

बिहीबार वसन्त पञ्चमीको अवसर पारेर सार्वजनिक गरिएको फर्स्ट्लुक पोस्टरमा उनी ट्रान्सवुमनको रुपमा चित्रित छन् । उनको लुक्सले दर्शकलाई 'सरप्राइज' बनाउन सक्छ । यसमा उनी टाइटल क्यारेक्टरमा छन् ।

'गुलाबी'मा सञ्चिता लुईंटेल, सुशील सिटौला, राजा घोष, विशाल पहारी, अनुपम श्रेष्ठ 'हटी नटी', शिशिर राणाको पनि अभिनय छ । फिल्मको कथा निर्देशक भट्टकै हो भने पटकथा तथा संवाद लेखनमा रामकुमार श्रेष्ठ र नाजिर हुसेनले सहकार्य गरेका छन् । दि स्काइ ओसन इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित फिल्ममा आलोक शुक्लाको छायांकन छ भने सम्राट बस्नेत द्वन्द्व निर्देशन रहेको छ ।

सार्वजनिक फर्स्ट्लुक पोस्टरमा प्रदर्शन मिति भने उल्लेख छैन । यो फिल्म अर्को वर्ष प्रदर्शन आउन सक्नेछ । फिल्मलाई अभिनेत्री सुहाना थापाको कम्पनी त्रिनेत्रम डिस्ट्रिब्युसनले वितरणको जिम्मा लिएको छ ।

# आफ्नै फिल्मसँग भिड्ने भए दया, बैशाख १ मा 'बिहे पास'

काठमाण्डु । आगामी नयाँ वर्ष (बैशाख १ गते) नेपाली फिल्महरुबीच ठूलो भिडन्त हुने देखिएको छ । 'भगवत् गीता', 'नाईं नभन्नू ल ६', 'प्रसाद २' र 'जारी'पछि यो मिति अभिनेता दयाहाङ राई र अभिनेत्री प्रकृति श्रेष्ठ अभिनीत फिल्म 'बिहे पास'ले पनि प्रदर्शनका लागि रोजेको छ । बिहीबार सरस्वती पूजाको अवसर पारेर फर्स्ट्लुक पोस्टर सार्वजनिक गर्दै बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो ।




अब बैशाख १ मा दयाहाङको भिडन्त आफ्नै फिल्मसँग हुनेछ । 'जारी'मा पनि उनी मुख्य भूमिकामा छन् । 'बिहे पास'को दुईवटा फर्स्ट्लुक पोस्टरमध्ये एउटामा दया र प्रकृति गालामा रेडिमेड माला लगाएर नवविवाहित दुलहा-दुलहीको रुपमा चित्रित छन् भने अर्को पोस्टरमा उनीहरुसँगै रविन्द्र झा, बुद्धि तामाङ, शिशिर बाङ्गदेल फिचर छन् । प्रवेश पौडेलले फिल्मको निर्देशन गरेका हुन् ।

आरआर फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा श्याम राई, विहाल पहारी, सुवास गजुरेल, हिउँवाला गौतम, रुषा न्यौपाने, प्रकाश भुजेल, नविन शेरचनको पनि अभिनय छ । रोहित कट्टेल प्रस्तुतकर्ता रहेको फिल्ममा रत्न श्रेष्ठ कार्यकारी निर्मातामा छन् । उनीहरु वितरक समेत हुन् । रोजन श्रेष्ठ निर्माता रहेको फिल्मको सह-निर्मातामा ग्याल्जेन लामा र बालकृष्ण पाख्रिन छन् ।

विवाहको कथामाथि बनेको फिल्मका छायाँकार शिव ढकाल हुन् । मित्र देव गुरुङको सम्पादन, डिबी खनालको गीत रचना, प्रवेश मलिकको संगीत, मर्रे केर, अकाश बराल, साजन काफ्लेको कथा, बराल र काफ्लेको पटकथा तथा संवाद रहेको फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्नेछ । दयाहाङ र प्रकृति पहिलो पटक एकसाथ देखिएकाले दर्शकमा 'बिहे पास'को पखाई व्यग्र छ ।

# धिरज र जसिताको 'आई एम ट्वान्टी वान' नाममा 'ज्याकी' थपियो

काठमाण्डु । 'इन्टु मिन्टु लण्डनमा' फेम्ड निर्देशक रेनशा वान्तवा राई (राणा)ले करिब चार वर्षअघि दोस्रो फिल्म 'आई एम ट्वान्टी वान'को घोषणा गरेकी थिइन् । निर्माण घोषणाको तीन वर्षपछि कोरोना महामारीताका छायांकन भएको फिल्मको अब नामको अगाडि 'ज्याकी' थपिएको छ । बिहीबार वसन्त पञ्चमीको अवसर पारेर निर्माण टिमले एक भिडियोमार्फत् फिल्मको नयाँ नाम 'रिभिल' गरेको हो ।

यस फिल्ममा धिरज मगर र जसिता गुरुङको मुख्य भूमिका रहेको छ । धिरज 'ज्याकी' पात्रको भूमिकामा रहेकाले फिल्मको नाम चरित्र केन्द्रित राखिएको हो । नयाँ नाम सार्वजनिक गर्न तयार पारिएको भिडियोमा फर्स्ट्लुक पोस्टर चाँडै सार्वजनिक हुने उल्लेख छ । फिल्मको प्रदर्शन मिति भने घोषणा गरिएको छैन । तर, आगामी बैशाख २१ गते फिल्म प्रदर्शन गर्ने तयारीमा निर्माण टिम छ ।

'ज्याकी आई एम ट्वान्टी वान'लाई नेपालको पहिलो डान्स फिल्म भनिएको छ । रेनशा कोरियोग्राफर पनि रहेकाले उनले नृत्यमाथि आधारित भएर फिल्म बनाएकी हुन् । अरुण क्षेत्रीको पनि मुख्य भूमिका रहेको फिल्मलाई प्रज्वल राणा र प्रभु शमशेर जबराले निर्माण गरेका हुन् । 'इन्टु मिन्टु लण्डनमा', 'मेरो एउटा साथी छ' निर्माण कम्पनी आइकोर फिल्मस्ले फिल्मको निर्माण गरेको हो ।

यो फिल्ममा कालिप्रसाद बाँस्कोटा र रोहित शाक्यको संगीत छ भने सुशन प्रजापतिको छायांकन छ । काठमाडौं, धरान, ललितपुर लगायतका स्थानमा छायांकन भएको यो फिल्मका लागि धिरज र जसिताले एक वर्षभन्दा लामो समय नृत्यको तालिम लिएका थिए । नेपालमा नृत्यको कथामा फिल्म बनाउन गाह्रो रहेको र आफूले निकै चुनौतीपूर्ण काम सकाएको निर्देशक राईले बताएकी छन् ।

# जस्तोसुकै रोगको उपचार नेपालमै गर्ने गरी स्वास्थ्य क्षेत्र सुधार गर्छुः मन्त्री गिरी



पर्वत। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री पदम गिरीले जस्तोसुकै रोगको उपचार पनि नेपालमै गर्ने गरी स्वास्थ्य क्षेत्र सुधार गर्ने बताउनुभएको छ।

पर्वतको कुश्मा नगरपालिका-११ पकुवामा रहेको स्थानीय बीरेन्द्र माध्यमिक विद्यालयको आइसिटी कक्षाको शुक्रवार उद्घाटन उहाँले नेपालको स्वास्थ्य क्षेत्रमा थुप्रै खालका जटिलता रहेको र अब आफूले यसको सुधारमा लाग्ने बताउनुभयो । मन्त्री गिरीले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या पहिचान गरी समाधानमा केन्द्रित हुने स्पष्ट पार्नुभयो।

"जस्तोसुकै रोगको उपचार पनि नेपालमै गर्न सकिने गरी स्वास्थ्य क्षेत्रको सुधार आवश्यक छ", उहाँले भन्नुभयो, "यसका लागि नीतिगत, कानुनी तथा प्राविधिक विषय सच्याएर अघि बढ्नुपर्छ।"

नेपालका ठूला अस्पतालको क्षमता विस्तार तथा ग्रामीण क्षेत्रमा रहेका अस्पतालको भौतिक पूर्वाधार, जनशक्ति र आवश्यक स्वास्थ्य उपकरणको उपलब्धतालाई ध्यान दिइने पनि बताउनुभयो।

दक्ष जनशक्ति ग्रामीण क्षेत्रमा बस्न नचाहने समस्याले पनि गाउँका नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न नपाएको बताउँदै अब हरेक सरकारी चिकित्सकलाई न्यूनतम समय तोकेर दूरदराजका स्वास्थ्य संस्थामा परिचालन गरिने पनि बताउनुभयो। स्वास्थ्य मन्त्रालय संवेदनशिल मन्त्रालय भएको बताउँदै उहाँले हरेक वर्ग र समूदायका नागरिक उपचार नपाएर अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले पहुँचको आधारमा विदेशी अस्पतालमा गएर राज्यलाई व्ययभार पार्ने प्रचलन रोक्न प्रयास गर्ने बताउनुभयो। नेपालमै सम्भव हुने उपचार सेवा नेपालकै अस्पतालमा लिनुपर्ने अनिवार्य गरिने बताउँदै सरकारी खर्चबाट विदेशमा उपचार गर्न जाने नीति हटाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सानातिना रोगको उपचारका लागि सहरसम्म पुग्नुपर्ने बाध्यताको अन्त्य गरिने विश्वाससमेत व्यक्त गर्नुभयो।

स्वास्थ्यमन्त्री गिरीले स्वास्थ्य क्षेत्रका समस्या समाधान भने सहज नरहेको बताउँदै न्यूनतम स्वास्थ्य सेवाको मापदण्ड देशैभर पुऱ्याउने दाबी गर्नुभयो । उहाँले स्वास्थ्य बीमामा केही समस्या देखिएको चर्चा गर्दै त्यसका लागि कतिपय प्रावधानमा पुनरावलोकन गरेर भए पनि गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने बताउनुभयो। आगामी दिनका लागि स्वास्थ्य बीमालाई दिगो र भरपर्दो बनाउँदै गरिब जनताले स्वास्थ्य बीमामार्फत् नै सेवा लिनसक्ने व्यवस्था गरिने उहाँको भनाइ छ।

उहाँले पर्वत जिल्लाका सातवटै स्थानीय तहमा आगामी पाँच वर्षभित्र सुविधासम्पन्न अस्पताल खोल्ने घोषणा पनि गर्नुभयो । प्राविधिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको रू ३२ लाखको लागतमा निर्माण भएको सूचना तथा सञ्चार प्रविधिमैत्री कक्षाको उद्घाटन गर्दै गिरीले अब गाउँ गाउँमा प्राविधिक शिक्षालाई विस्तार गर्न सरकार सक्रिय रहेकोसमेत बताउनुभयो।

यस्ता खालका कक्षाले विपन्न तथा दलित समुदायका विद्यार्थीले सर्वसुलधरुपमा ज्ञान र सीप हासिल गर्न सक्ने उहाँको धारणा थियो । गत बुधबार गृह जिल्ला आउनुभएका मन्त्री गिरी गाउँ गाउँमा कार्यकर्ता भेटघाट तथा स्वास्थ्य संस्था निरीक्षणमा सक्रिय रहनुभएको छ।रासस

# अन्तराष्ट्रिय हवाई मापदण्ड प्रभावकारी कार्यान्वयन गरिनुपर्नेमा विज्ञहरुको जोड



काठमाण्डु । मुलुकको हवाई सुरक्षा सुरक्षित र भरपर्दो बनाउन अन्तर्राष्ट्रिय मापदण्ड र सिफारिसको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला विज्ञले जोड दिनुभएको छ। नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) र एयरलाइन्स अपरेटरले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप नागरिक उड्डयन 'सेफ्टी र सेक्युरिटी'को पूर्ण पालना गरिरहँदा पनि हवाई दुर्घटना बढिरहेको भन्दै उहाँहरुले सम्भावित जोखिम न्यूनीकरणका लागि संरचनागत एवम् नीतिगत सुधार गरिनुपर्ने खाँचो औँल्याउनुभयो।

राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वयसमितिको शुक्रवारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पूर्वसचिव, क्यानका पूर्वमहानिर्देशक, हवाई इञ्जिनियरिङ क्षेत्रका विज्ञले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)ले सिफारिस गरेका हवाई सुरक्षा मापदण्डको पूर्णपालना गरेर नेपालको आकाश सुरक्षित रहेको सन्देश दिनुपर्ने बताउनुभयो । साथै उहाँहरुले, नेपालको हवाई क्षेत्रलाई सुरक्षित बनाउन स्रोत साधन र दक्ष जनशक्तिको अभाव रहेको भन्दै सोको व्यवस्थापकीय पक्ष बलियो बनाउन सुझाउनुभयो।

क्यानका पूर्वमहानिर्देशक सञ्जीव गौतमले आइकाओले नेपालको हवाई सुरक्षा सुधारका लागि दिएको निर्देशन परिपालना प्रभावकारी नहुदाँ हवाई दुर्घटनाको जोखिम बढिरहेको उल्लेख गर्नुभयो । उहाँले हवाई सेवा सुरक्षित बनाउन नियमनकारी निकायको दक्षता अभिवृद्धि गरिनुपर्ने खाँचो औँल्याउनुभयो।"हालै एटीआर जहाजको दुर्घटनाले नेपालको उड्डयन क्षेत्रलाई ठूलो धक्का दिएर गएको छ। विश्वव्यापी हवाई मापदण्डको प्रभावकारी परिपालना गर्दागर्दै पनि किन नेपालमा बारम्बार यस किसिमका घटना भइरहेका छन् कतै पुरै प्रणालीलाई नै सुधार गर्नुपर्ने होकी, दुर्घटनामा मानवीय पक्षलाई मात्रै दोष दिएर हुन्न, आइकाओको सिफारिस तत्काल लागू गरिनुपर्छ', पूर्वमहानिर्देशक गौतमले भन्नुभयो । उहाँले नेपालको हवाई दुर्घटनाको कारण र आगामी दिनमा सेवा सुधारको दीर्घकालीन समाधानका लागि विज्ञ सम्मिलित स्वतन्त्र दुर्घटना अनुसन्धान बोर्ड स्थापना गर्न सुझाव दिनुभयो।

क्यानकै पूर्वमहानिर्देशक वीरेन्द्रबहादुर देउजाले हवाई दुर्घटनाले नेपालको यससम्बन्धी सेवा असुरक्षित रहेको भन्ने नकारात्मक सन्देश प्रवाह नगर्न सबै गम्भीर हुनुपर्ने बताउनुभयो। उहाँले हवाई सुरक्षा थप सुरक्षित र भरपर्दो बनाउने काममा सम्बन्धित निकाय जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो। पूर्वपर्यटन सचिव यज्ञ गौतमले हवाई दुर्घटना शून्य अवस्थामा पुऱ्याउन नियामक, अप्रेटरदेखि सरोकारवाला उत्तिकै जिम्मेवार हुनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "दुर्घटना हुँदैन भन्ने हुँदैन तर, दुर्घटना दर शून्यतर्फ कसरी लैजाने भन्नेतर्फ आइकाओको मार्गदर्शन पूर्णरुपमा पालना गर्नुपर्छ।

उहाँले पोखरामा हालै भएको एटीआर जहाज दुर्घटना सबैभन्दा दुर्भाग्यपूर्ण हो भन्दै दुर्घटनापछि गठन हुने जाँच आयोगको प्रतिवेदनको अनुगमन र कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो। नेपाल वायुसेवा निगमका पूर्वबोर्ड सदस्य इन्जिनियर अच्युत पहारीले नेपालको हवाई दुर्घटना न्यूनीकरणका लागि आईकाओले निर्दिष्ट गरेका मापदण्डको पूर्णपालना गरिनुपर्नेमा जोड दिनुभयो। उहाँले नेपालको हवाई सेवा सुरक्षित र भरपर्दो बनाउन दक्ष जनशक्तिको व्यवस्थापनमा वायुसेवा सञ्चालकले ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो । समितिका सभापति दिलकुमारी रावल थापा (पार्वती)ले नेपालको हवाई आकाश सुरक्षित, भरपर्दो बनाउन र आगामी दिनमा सम्भावित हवाई दुर्घटनाको जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकायले गर्नुपर्ने कामको सहजिकरण गर्ने उद्देश्यले समितिले विज्ञलाई बोलाएर छलफल गरेको बताउनुभयो। उहाँले विज्ञहरुको सुझाव लिएर सरकार र नियामक निकायले हवाई सुरक्षा सुदृढ बनाउन आगामी दिनमा गर्नुपर्ने आवश्यक कामबारे सिफारिस गरिने बताउनुभयो।रासस

# बजेटको अर्धवार्षिक समीक्षाको तयारी

काठमाण्डु। अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक समीक्षाको तयारी थालेको छ। मन्त्रालयले एक समिति नै गठन गरेर समीक्षाको तयारी थालेको जनाएको छ।

मन्त्रालयअन्तर्गतको बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको नेतृत्वमा समिति गठन गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार समितिले गत पुस मसान्तसम्मको बजेट समीक्षाको प्रतिवेदन पेश गर्नुपर्नेछ। समितिले बुझाएको प्रतिवेदनका आधारमा मन्त्रालयले चालु आवको बजेटको समीक्षा गर्नेछ।

बजेट महाशाखा प्रमुख रितेशकुमार शाक्यको नेतृत्वमा नेपाल राष्ट्र बैंक, योजना आयोग, महालेखा नियन्त्रक कार्यालय, सार्वजनकि ऋण व्यवस्थापन कार्यालयबाट एक/एक जना प्रतिनिधि, अर्थमन्त्रालयका सबै सहसचिव र बजेट महाशाखाका सबै उपसचिव सदस्य रहेका छन्।

मन्त्रालयअन्तर्गतका विभिन्न शाखाका आठ/आठ जना सहसचिव र उपसचिव उक्त समितिको सदस्य रहनुभएको छ। सरकारले चालु आवका लागि रू १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट सार्वजनिक गरेको थियो । जसमा कूल विनियोजनमध्ये चालुतर्फ रू सात खर्ब ५३ अर्ब ४० करोड अर्थात् ४२ प्रतिशत, पुँजीगततर्फ रू तीन खर्ब ८० अर्ब ३८ करोड अर्थात् २१ दशमलव दुई प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू दुई खर्ब ३० अर्ब २२ करोड अर्थात् १२ दशमलव आठ प्रतिशत विनियोजन गरिएको छ। त्यसैगरी प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रू चार खर्ब २९ अर्ब ८३ करोड अर्थात् २४ प्रतिशत बजेट छुट्याइएको छ।

अनुमान गरिएको खर्चको स्रोत बेहोर्न आन्तरिक राजस्वबाट रू १२ खर्ब ४० अर्ब, वैदेशिक अनुदानबाट रू ५५ अर्ब ११ करोड, वैदेशिक ऋणबाट रू दुई खर्ब ४२ खर्ब २६ करोड र रू दुई खर्ब ५६ अर्ब आन्तरिक ऋण गरी कूल रू चार खर्ब ९८ अर्ब ४६ करोड बराबर ऋण लिइने उल्लेख छ।

गत आर्थिक वर्षमा रू १६ खर्ब ३२ अर्ब ८३ करोड बराबरको बजेट विनियोजन गरिएकोमा त्यसलाई घटाएर रू १५ खर्ब ४६ अर्ब २८ करोड बराबरको बनाइएको थियो।रासस

# स्वास्थ्य क्षेत्रको बजेट बढाउने प्रस्ताव पेस गरेका छौँः राज्यमन्त्री कार्की

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री डा तोसिमा कार्कीले स्वास्थ्य क्षेत्रको बजेट बढाउन मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने तयारी भएको बताउनुभएको छ । आज यहाँ आयोजित पत्रकारसँगको अन्तरक्रियामा उहाँले स्वास्थ्य वित्त रणनीति अन्तर्गत बजेट बढाउने प्रस्ताव पेस गर्न लागिएको जानकारी दिनुभयो।

स्वास्थ्य क्षेत्रमा ठूलो लगानी आवश्यक भएको भन्दै बजेट बढाउने प्रयास भइरहेको उहाँको भनाइ छ । "स्वास्थ्य क्षेत्रमा छुट्याइएको बजेट अपुग छ, स्वास्थ्य वित्त रणनीति कार्यान्वयनका लागि थप बजेट आवश्यक भएकाले मन्त्रिपरिषदमै बजेट बढाउने प्रस्ताव पेस गर्न लागेका छौँ।'



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पाँच दशमलव सात पाँच प्रतिशत बजेट मात्रै बिनियोजन भएको भन्दै उहाँले उक्त बजेट पर्याप्त नभएको बताउनुभयो । न्यूनतम सेवा मापदण्डअनुसार देशभरका आधारभुत स्वास्थ्य केन्द्रदेखि विशिष्टकृत स्वास्थ्य संस्थाको अनुगमन तीव्र पारिने उहाँको भनाइ छ। उहाँले मुलुकभरको आकस्मिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन एकीकृत एम्बुलेन्सकार्ययोजनाअघिबढाइएको जानकारी दिनुभयो। जसअन्तर्गत सरकारी, निजी, सामुदायिक तथा गैरसरकारी सङ्घसस्थाले सञ्चालन गरिरहेका मुलुकभरका सम्पूर्ण एम्बुलेन्सलाई 'सेन्ट्रल पुल'मार्फत् एम्बुलेन्स सेवा दिने तयारी भइरहेको उहाँले बताउनुभयो।

'एकीकृत एम्बुलेन्स कार्ययोजना अनुसार कुनै पनि ठाँउमा एम्बुलेन्स आवश्यक परे हटलाइन नम्बरमार्फत् सम्पर्क गर्ने बित्तिकै सेवा उपलब्ध हुने गरी काम गर्दैछौँ', उहाँले भन्नुभयो । राज्यमन्त्री कार्कीले आफूले पदवहाली गरेको दश दिनमै स्वास्थ्य क्षेत्रका कार्ययोजना बनाउन लागेको बताउनुभयो।

उहाँले डाक्टर गोविन्द केसीले राख्दै आउनु भएको स्वास्थ्य र चिकित्सा शिक्षा क्षेत्र सुधारका मागप्रति आफू प्रतिबद्ध रहेको समेत बताउनुभयो।रासस

# राष्ट्रियसभा उपाध्यक्षको निर्वाचन माघ २३ मा

काठमाण्डु। राष्ट्रियसभा उपाध्यक्षको निर्वाचन यही माघ २३ गते सोमबार हुने भएको छ।

राष्ट्रियसभाको शुक्रवारको बैठकमा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले उपाध्यक्ष पदको निर्वाचनको मिति तय भएको जानकारी दिनुभयो। तत्कालीन उपाध्यक्ष शशीकला दाहालको कार्यकाल सकिएपछि उपाध्यक्ष चयन हुन सकेको थिएन।

राष्ट्रियसभा नियमावलीअनुसार निर्वाचनको कार्यतालिका प्रकाशित गर्न राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिनाले सङ्घीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमलाई निर्देशन दिनुभएको थियो।रासस

# सङ्घीय निजामती सेवा ऐन संसदमा पेश हुन्छःमन्त्री मोदी




विराटनगर । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले दुई महिनाभित्र सङ्घीय निजामती सेवा ऐन संसदमा पेश गर्ने बताउनुभएको छ।

शुक्रवार यहाँ आयोजित पत्रकार सम्मेलनमा मन्त्री मोदीले सङ्घीयताकार्यान्वयनगर्दैसहमतिका आधारमा कर्मचारीको अवकाशको उमेर ५८ वा ६० वर्ष जुन भएपनि न्याय गरिने प्रष्ट पार्नुभयो।

उहाँले स्थानीय तहमा प्रमुखका रुपमा निमित्त कर्मचारी रहने कार्यलाई अन्त्य गर्दै जहाँ जसको दरबन्दी छ सोहीअनुसार कर्मचारी पठाउने कार्य सुरु गरेको जानकारी दिनुभयो। मन्त्री मोदीले सुशासन कायम गर्न प्रशासकीयसुधारको पहलस्वरुप कर्मचारी कार्यालय समयमा आउनुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिएको बताउनुभयो।

मन्त्री मोदीले राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र एवं मालपोत कार्यालयबाट प्रदान गरिने सेवा छिटो छरितो रसरल बनाउन मोरङका सरकारी कार्यालयका प्रमुखसँग छलफल गरिएको जानकारी दिनुभयो।

प्रशासनिक कामलाई नागरिक केन्द्रित बनाउने अभियान मुलुकभर सञ्चालन गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र उत्तरदायी बनाउन आफू प्रतिबद्ध रहेको बताउनुभयो।रासस

# अमेरिकी उपमन्त्री नुल्यान्ड नेपाल आउनुहुँदै

काठमाण्डु । संयुक्त राज्य अमेरिकाका राजनीतिक मामिला उपमन्त्री भिक्टोरिया नुल्यान्ड दुई दिने भ्रमणका लागि यही माघ १५ गते नेपालमा आउँदै हुनुहुन्छ । भ्रमणको क्रममा उहाँले नेपालमा उच्च राजनीतिक भेटवार्ता गर्नुका साथै विभिन्न सांस्कृतिक सम्पदाको अवलोकन समेत गर्नुहुने बताइको छ।

उहाँले सन् २०२१ को अप्रिलमा राजनीतिक मामिलासम्बन्धी उपविदेश मन्त्रीका रूपमा शपथ लिनुभएको हो । त्यसअघि उहाँ वासिङ्टन डीसीमा अवस्थित विश्वव्यापी रणनीतिक परामर्श तथा वाणिज्य कूटनीति फर्म अल्ब्राइट स्टोनब्रिज ग्रुपमा वरिष्ठ परामर्शदाताका रूपमा कार्यरत हुनुहुन्थ्यो।

उहाँ ब्रुकिङ्स इन्स्टिच्युसनमा गैर-आवासीय सिनियर फेलो, येल विश्वविद्यालयमा बृहत् रणनीतिकी विशिष्ट अभ्यासकर्ता र नेसनल इन्डाउमेन्ट फर डेमोक्रेसीको सञ्चालक समितिकी सदस्य पनि रहिसक्नुभएको छ। उहाँ अमेरिकी राष्ट्रपति ओबामा र विदेश मन्त्री केरी मातहत सन् २०१३ को सेप्टेम्बरदेखि २०१७ को जनवरीसम्म युरोपेली तथा युरेसियन मामिलासम्बन्धी सहायक विदेश मन्त्रीका रूपमा सेवारत हुनुहुन्थ्यो।

उहाँ अमेरिकी विदेश मन्त्री हिलारी क्लिन्टनको कार्यकालताका विदेश मन्त्रालयकी प्रवक्ता हुनुहुन्थ्यो भने राष्ट्रपति जर्ज डब्ल्यु बुसको दोस्रो कार्यकालमा सन् २००५ देखि २००८ सम्म नेटोका लागि अमेरिकी राजदूत हुनुहुन्थ्यो।रासस

# आमसञ्चार प्रतिष्ठानका काम अगाडि बढ्छ : कानुनमन्त्री जिसी

कर्णाली । कर्णाली प्रदेशका नवनियुक्त आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले आमसञ्चार प्रतिष्ठानका काम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष तथा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य स्व त्रिभुवन पौडेलको १३औँ दिनको पूण्य तिथिको अवसरमा शुक्रवार वीरेन्द्रनगर सुर्खेतमा आयोजित श्रद्धाञ्जलि कार्यक्रममा दिवङ्गत पौडेलको आत्माको चिरशान्तिको कामना गर्दै उहाँको सपना र बाटोलाई अँगालेर जान पत्रकारलाई आग्रह गर्नुभयो।

सो क्रममा उहाँले अहिलेसम्म रोकिएको आमसञ्चार प्रतिष्ठानको काम अगाडि बढ्ने, घाइतेको लागि निःशुल्क बीमा र संरक्षण कोष खडा हुने बताउनुभयो। त्यस्तै, अहिलेको प्रविधि उपयोग गरी प्रदेशस्तरीय सुरक्षा योजना निर्माण गरिने उहाँले जनाउनुभयो। कानुनमन्त्री जिसीका अनुसार प्राकृतिक विपत्तिका कारण मानवीय क्षति हुन नदिन विपद् व्यवस्थापनका लागि मन्त्रालयले कार्ययोजना बनाउनेछ।रासस

# उपप्रधानमन्त्री लिङ्देन र बेलायती राजदूत पोलिटबीच भेटवार्ता



काठमाण्डु। उपप्रधान एवम् ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री राजेन्द्रप्रसाद लिङ्देन र नेपालका लागि संयुक्त अधिराज्य बेलायतका राजदूत निकोला पोलिटबीच भेटवार्ता भएको छ।

मन्त्रालयमा शुक्रवार भएको भेटमा उहाँहरूबीच द्विपक्षीय आपसी हित र चासोका विविध विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। भेटमा उपप्रधानमन्त्री लिङ्देनले बेलायत नेपालको सबैभन्दा भरपर्दो विकास साझेदार रहेको उल्लेख गर्दै बेलायतले सङ्कट र प्रकोपको समयमा नेपाललाई महत्वपूर्ण सहयोग गरेको स्मरण गर्नुभयो।

उहाँले अहिलेको सरकारको प्रथमिकता राष्ट्रिय एकता, सुशासन र सेवा प्रवाह भएको उल्लेख गर्दै त्यसमा बेलायत सरकारको सहयोग रहने अपेक्षा व्यक्त गर्नुभएको थियो । उपप्रधानमन्त्री लिङ्देनले भूपू ब्रिटीश गोर्खा सैनिकको समस्या समाधानको लागि राजदूत पोलिटसमक्ष आग्रहसमेत गर्नुभएको थियो । सो अवसरमा राजदूत पोलिटले नेपालको ऊर्जा खपतमा सहयोग गर्न बेलायत सरकार इच्छुक रहेको उल्लेख गर्दै त्यसका लागि ऊर्जा मन्त्रालयका निकायसँगको सहकार्यलाई अझै विस्तार गर्ने बताउनुभएको थियो।

नवीकरणीय ऊर्जा उत्पादन तथा विद्युत व्यापारमा पनि सहजीकरण गर्न बेलायत सरकार तयार रहेको बताउँदै राजदूत पोलिटले ऊर्जा क्षेत्रका निकायको संस्थागत सबलीकरणमा पनि सहयोग गरिरहेको उल्लेख गर्नुभयो।रासस



इस्लामिक राजनीतिक समूह, खिलाफत मजलिसका कार्यकर्ताहरूले स्विडेनी-डेनिसका अति दक्षिणपन्थी राजनीतिज्ञ रासमुस पालुदानद्वारा कुरान जलाएको र देशको राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यपुस्तक बोर्ड (एनसीटीबी) द्वारा तयार पारिएका पाठ्यपुस्तकहरूमा भर्खरका परिवर्तनहरू खारेज गर्न विरोध प्रदर्शन गरेका छन् । *तस्विर : एएफपी*

# अन्तर्राष्ट्रिय टेनिस प्रतियोगिता हुने

काठमाण्डु । नेपाल टेनिस सङ्घको आयोजनामा जे ६० काठमाडौं आइटीएफ जुनियर टेनिस च्याम्पियनसिपअन्तर्गत सर्किट-१ प्रतियोगिा यही माघ १६ गतेदेखि हुने भएको छ ।

यु-१८ उमेरसमूहको प्रतियोगितामा ब्वाइजतर्फ आठ तथा गर्ल्सतर्फ सात राष्ट्रको सहभागिता रहने आयोजक सङ्घका सदस्यसमेत रहनुभएका प्रतियोगिता निर्देशक अजय विष्टले जानकारी दिनुभयो ।

ब्वाइज/गर्ल्समा दुवैमा समान ६४-६४ खेलाडी रहेकाले दुवै समूहमा समान ३२-३२ खेलाडीको 'मेन ड्र' का लागि शनिबार र आइतबार छनोट खेल खेलाइने छ ।

छनोटको ब्वाइजमा नेपालबाट नौ, भियतनाम, चाइनिज ताइपेइ, चीन र दक्षिण कोरियाबाट समान तीन-तीन, अमेरिका र हङकङबाट समान दुई-दुई तथा भारतबाट ३९ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

गर्ल्सबाट नेपालबाट नौ, हङकङ, बेल्जियम, रुस र थाइल्यान्डबाट एक-एक, मङ्गोलियाबाट दुई र भारतबाट ४९ खेलाडी सहभागी हुने छन् । प्रतियोगिताको खेल सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुनेछ । प्रतियोगिता सञ्चालन गर्न करिब रु १२ लाख खर्च हुने आयोजकले जनाएको छ । रासस

# फिजीले सुरक्षाका विषयमा चीनसँग सहकार्य नगर्ने

**एएनआई**

सुवा । फिजीले चिनियाँ कर्मचारीहरूलाई फिजी प्रहरी बलसँग काम नगर्न आग्रह गरेको छ फिजी टाइम्सले प्रधानमन्त्री सिटिभेनी रबुकालाई उद्धृत गर्दै फिजी प्रहरीले चिनियाँ अधिकारिहरूसँग सहकार्य जारी राख्न आवश्यक नरहेको बताएको छ ।

फिजी र चीनले २०११ मा हस्ताक्षर गरेको समझदारी पत्रलाई उल्लेख गर्दै फिजीका प्रधानमन्त्रीले भने, "हामीलाई सो सहकार्य जारी राख्नु आवश्यक छैन । काम गर्ने हाम्रो प्रणाली फरक छ" फिजीले पहिलो पटक अन्य देशका कर्मचारीसँग सुरक्षाकर्मीले सहकार्य गर्न आवश्यक नरहेको सार्वजनिकरूपमा बताएको हो । सन् २०११ मा गरिएको सहमति अनुसार फिजीका प्रहरी अधिकारीहरूले चिनियाँ अधिकारिहरूसँग तालीम लिने लगायतका विषयहरू सामावेश थिए । सन् २०२१ मा यस किसिमका तालीम गतिविधिहरू थप अगाडि बढाउँन चिनियाँ प्रहरीको सम्पर्क कार्यालय फिजीमा खोलिएको थियो र यस किसमका गतिविधि निकै उचाइँमा पुगेको थियो ।

फिजी टाइम्सका अनुसार चीनको र फिजीको प्रजातान्त्रिक र न्यायिक प्रणाली पृथक रहेकाले यस किसिमको सहकार्य आवश्यक नरहेरेको बताइएको छ । यद्यपि अष्ट्रेलिया र न्युजिल्याण्डसँग बने यस किसिमका सहकार्य जारी रहने छ ।

# इराक र फ्रान्सबीच सहकार्यको सहमीत

**सिन्ह्वा**

बग्दाद । इराक र फ्रान्सबीच विविध क्षेत्रमा द्विपक्षीय सहयोग प्रवर्द्धन गर्नेसम्बन्धी रणनीतिक साझेदारीको सम्झौता भएको छ । सम्झौताअनुसार दुवै देशले ऊर्जा र सुरक्षा मामिलामा सहयोग आदानप्रदान गर्नेछन् ।

इराकी प्रधानमन्त्री बिहीबार भएको फ्रान्सको भ्रमणका बेला उक्त सम्झौतामा हस्ताक्षर भएको हो ।

प्रधामन्त्री मोहम्मद शिया अल सुडानीले आफ्ना फ्रान्सेली समकक्षी एलिसावेथ बोर्न र राष्ट्रपति इम्यानुएल म्याक्रोँसँग बेग्लाबेग्लै भेटवार्ता गर्नुभएको थियो ।

फ्रान्सेली नेतृत्वसँगको भेटवार्तामा इराक-फ्रान्स सम्बन्धका साथै क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय चासोका साझा विषयमा विचारविमर्श भएको इराकी अधिकारीहरूले बताएका छन् । दुवै देशले आतङ्‌वाद र अतिवादविरुद्ध संयुक्तरूपमा काम गर्ने, सांस्कृतिक आदानप्रदान, सङ्कट व्यवस्थापन, आर्थिक एवम् सङ्गठित अपराधविरुद्ध एक हुने, वातावरण तथा मानवअधिकार संरक्षण पारस्परिक सहमति भएको छ ।

# 'शान्ति स्थापनाका निम्ति विकासलाई प्राथमिकता दिनैपर्छ'

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । चीनले विश्वमा शान्ति स्थापना गर्न विकासलाई पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ । संयुक्त राष्ट्रसङ्घका चीनका स्थायी प्रतिनिधिले वर्तमान परिस्थितिमा विकासका माध्यमबाट नै शान्ति स्थापना गर्न सहज हुने बताएका हुन् ।

जनतामा लगानी गर्नेसम्बधी सुरक्षा परिषद्को छलफलमा संयुक्त राष्ट्रसङ्घका चीनका स्थायी प्रतिनिधि झाङ जुनले शान्ति स्थापना दिगो शान्ति अनुभूत गर्ने प्रयासको महत्वपूर्ण अंश भएको उल्लेख गर्दै त्यसका लागि जटिल चुनौतीको वर्तमान परिप्रक्ष्यमा विकासलाई प्राथमिकतामा राख्नुको विकल्प नरहेको बताउनुभयो ।

अधिकभन्दा अधिक विकासोन्मुख देशका लागि विकास नै पहिलो आकाङ्क्षा र चाहना भएको वास्तविकता प्रस्तुत गर्दै चिनियाँ राजदूतले उनीहरूका असङ्ख्य चुनौतीमध्ये विकास नै प्रमुख समस्या भएको बताउनुभयो ।

उहाँले द्वन्द्वबाट मुक्त भएका देशलाई विकास सहायता अझ अधिक आवश्यक भएको बताउँदै विकासका विषयलाई वेवास्ता गर्न नहुनेमा जोड दिनुभयो ।

विकसित देशले गरिबी घटाउने, जनजीविका सवालमा काम गर्ने, शिक्षा, स्वास्थ्यलगायत आधारभूत आवश्यकता पूरा गर्ने संरचना निर्मााणका निम्ति स्रोत परिचालन गर्नु अपरिहार्य भएको बताउँदै चिनियाँ राजदूतले त्यसबाट शान्ति निर्माणमा सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई विकासका परियोजनमा धेरैभन्दा धेरै लगानी गर्न आह्वान पनि गर्नुभयो ।

# आप्रवासनलाई व्यवस्थित गर्नुपर्ने युरोपियन मन्त्रीहरुको चासो

**सिन्ह्वा**

स्टकहोमा।युरोपियनयुनियनआबद्ध मन्त्रीहरुले नागरिकहरुको अवैध रुपमा हुने गरेको आप्रवासनलाई व्यवस्थित गर्नुपर्ने बताएका छन् ।

उनीहरुले युरोपका देशहरुमा अन्य देशबाट आएका आप्रवासीहरुको अवस्था निकै अव्यवस्थित रहेकाले यस विषयमा सोच्नुपर्ने बताएका हुन् । स्टकहोममा भएको युरोपियन युनियनका गृह तथा न्याय मन्त्रीहरुको बैठकमा सो विषयमा छलफल भएको बताइएको छ ।



उनीहरुले विभिन्न समस्याका कारण अन्य देशहरुबाट युरोपियन युनियनका देशमा आप्रवासीहरु छिर्ने गरेका र उनीहरु निकै असुरक्षित रुपमा छिर्ने गरेका पनि देखिएकाले ती नागरिकको सुरक्षा तथा सुरक्षित रुपमा स्वदेश फिर्ताका लागि पहल हुनुपर्नेमा जोड दिएका हुन् ।

उनीहरु युरोप छिर्ने र यी देशहरुमा शरण माग्ने गरेका र उनीहरुलाई अफ्ना देशमा फिर्ता गर्नका लागि विभिन्न खालका समस्या रहेका पनि मन्त्रीहरुले बताएका छन् । यसका लागि युरोपका देशहरु तयार भएपनि उनीहरुलाई शरण दिने र यहाँका देशमा बसोबासका लागि आवश्यक मात्रामा सहयोग गर्ने काम निकै नै चुनौतीपूर्ण देखिएको ती मन्त्रीहरुको निष्कर्ष थियो ।

सो बैठकमा ती नागरिकहरुमध्ये धेरैजसो शरणार्थीका रुपमा युरोपेली देशहरुमा प्रवेश गर्ने गरेकाले उनीहरुका सम्बन्धित देशका साथै युरोपका सबै देशले आपसमा समन्वय गर्नुपर्ने पनि सो बैठकमा सहमति भएको थियो । पछिल्ला वर्षहरु तेस्रो देशमा जारी विभिन्न समस्या एवं युद्धका कारण शरणार्थीका रुपमा युरोप छिर्ने व्यक्तिहरुको सङ्ख्या बढ्दै गएको देखिएको छ ।

# इरानद्वारा तीन हजार अफगान शरणार्थी फर्काइए


**एएनआई**

काबुल । इस्लाम काला र पुले अब्रिशुम सीमाहरू हुँदै हाल इरानबाट तीन हजार भन्दा बढी अफगान शरणार्थीहरूलाई देश निकाला गरिएको खामा प्रेसले जनाएको छ ।

अफगान शरणार्थीहरूको बलपूर्वक निर्वासन र हिरासत राख्ने क्रम जारी रहेको जनाइएको छ । हालै तीन हजार एक सय २३ अफगान आप्रवासीहरूलाई इरानबाट निष्कासित गरिएको थियो ।

तालिबान नेतृत्वमा अफगानिस्तानको शरणार्थीहरुलाई स्वदेश फिर्ता गरिरहेको शरणार्थी मन्त्रालयले जनाएको छ । मन्त्रालयले जनवरी २४ र २५ मा क्रमशः ३ हजार एक सय २३ अफगानी आप्रवासीलाई इरानबाट निकालिएको घोषणा गरेको छ ।

इरानमा पछिल्लो समय अफगान नागरिकलाई हिरासतमा राखेर जबर जस्ती अफगानिस्तान पठाइएको छ ।



धेरै अफगानहरूले आफ्नो जीवनको चिन्ता र डरलाग्दो आर्थिक अवस्थाको कारण देश छोडेका थिए । इरानमा हाल ४० लाखभन्दा बढी अफगानीहरू बसोबास गरिरहेका देशको विदेश मन्त्रालयले जनाएको छ ।

इरानबाट फर्केका शरणार्थीहरु हेरात र निमरुज प्रान्तहरू हुँदै अफगानिस्तान प्रवेश गरेका तालिबान अधिकारीहरूले जनाएका छन् । इरानी अधिकारीहरूलाई अफगान शरणार्थीहरूसँग शिष्ट व्यवहार गर्न आग्रह गरिएको छ ।

गत वर्ष अगस्टमा अफगानिस्तानमा तालिबानले नियन्त्रण लिएपछि हजारौं अफगानीहरू तालिबानको सत्ताका कारण मृत्युको डरले देश छोडेर भागेका थिए ।

पाकिस्तान तालिबानले पुनः नियन्त्रणमा लिएपछि अफगानिस्तानसँग सीमा जोडिएका दुई राष्ट्र इरान र पाकिस्तानमा ठूलो सङ्ख्यामा बसाइँसराइको लहर चलेको खामा प्रेसले जनाएको छ ।

# इराकमा चौध जनालाई मृत्युदण्ड

**सिन्ह्वा**

बगदाद । इराकी अदालतले यहाँका कम्तीमा पनि १४ जना आतङ्ककारीलाई मृत्युदण्डको सजायँ सुनाएको छ । ती व्यक्ति नागरिकको आमहत्यामा संलग्न रहेको पाइएको थियो ।

नागरिक हत्यामा संलग्न पाइएको भन्दै यहाँको एक अदालतले ती १४ जनालाई मृत्युदण्डको सजायँ बिहीबार सुनाएको हो ।

सन् २०१४ मा इराकको टिक्रिट सहरमा आइएस आतङ्ककारीहरुले कब्जा गर्ने प्रयास गरेका थिए । त्यसक्रममा कम्तीमा पनि एक हजार ७०० जना इराकी सैनिक मारिएका थिए ।

यसरी आम रुपमा मारिएका ती सैनिकको हत्यामा संलग्नताको पुष्टि भएपछि उनीहरुलाई मृत्युदण्डको सजायँ सुनाइएको हो । इराकी सहर टिक्रिटलाई कब्जा गर्ने क्रममा आइएसले सो समयमा यहाँका सैनिकमाथि धावा बोलेका थिए ।

उनीहरुले ड्युटीमा रहेका सैनिकमाथि हमला गरेका थिए । ती भिडियोहरु सो समयमा पनि सार्वजनिक भएका थिए । ती सैनिकको हत्यामा संलग्नको खोजी यहाँको सेनाले लामो समयदेखि गरिरहेको थियो ।

# नामिबिया र स्कटल्यान्डविरुद्धको सिरिजका लागि नेपालको प्रारम्भिक टिम घोषणा



**टुडे समाचारदाता**

काठमाण्डु। आइसिसी विश्वकप लिग-२ अन्तर्गत नेपाल, नामिबिया र स्कटल्यान्डबीचको त्रिकोणात्मक एकदिवसीय सिरिजका लागि नेपाल क्रिकेट संघ (क्यान) ले प्रारम्भिक टिम घोषणा गरेको छ।

बन्द प्रशिक्षकका लागि क्यानले २८ जनालाई बोलाएको छ। शरद भेषावकर फर्किएका छन् भने सूर्य तामाङ, मौसम ढकाल र अंकित सुवेदीले पहिलो पटक स्थान बनाएका छन्।

बलात्कारको अभियोग लागेका सन्दीप लामिछानेलाई बन्द प्रशिक्षणमा बोलाउने चर्चा चले पनि उनी टिममा छैनन्। लामिछानेलाई गत महिना उच्च अदालतले धरौटीमा रिहा गरेको थियो। उनी अभियोगमुक्त भने भइसकेका छैनन्।

नेपाली टिम प्रशिक्षकबिहिन छ। सिरिजअघि नेपालले प्रशिक्षकका लागि दरखास्त आह्वान गरेको थियो।

केही दिनअघि भारतका मोन्टी देसाई प्रशिक्षक नियुक्त भएको सार्वजनिक भएको थियो। तर क्यानले निर्णय बोर्डमार्फत राखेपमा स्वीकृतीका जाने भन्दै स्पष्टीकरण दिन परेको थियो।

**नेपालको प्रारम्भिक टिम**

कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, गुल्शन झा, करण केसी, सोमपाल कामी, शरद भेषवाकर, ललित राजवंशी, विनोद भण्डारी, सागर ढकाल, सन्दीप जोरा, किशोर महतो, कमलसिंह ऐरी, सिद्धान्त लोहनी, अर्जुन साउद, अभिनास बोहरा, सूर्य तामाङ, विवेक यादव, भीम सार्की, कुलश मल्ल, मौसम ढकाल, अनिल साह, विक्रम शोव, भुवन कर्की, अंकित सुवेदी

कीर्तिपुरस्थित त्रिवि मैदानमा हुने सिरिज फागुन २ मा सुरू भएर फागुन ९ मा सकिनेछ। लिग-२ को ९ वटा सिरिज मध्ये नेपालले आफ्नो सातौं सिरिज खेल्न लागेको हो। यस्तै नेपालले लिग-२ मा आफ्नो दोस्रो सिरिज घरेलु मैदानमा खेल्न लागेको हो।

यो सिरिजपछि नेपालले पपुवा न्युगिनी र युएईविरुद्धको सिरिज घरेलु मैदानमा खेल्नेछ भने यी दुवै टिमविरुद्धको अन्तिम सिरिज पपुवा न्युगिनीमा खेल्नेछ। दुवै सिरिजको मिति पक्का भइसकेको छैन।

९ सिरिजमा ४-४ खेल गरी कुल ३६ खेल खेल्ने नेपालले अहिलेसम्म ६ सिरिजका २४ खेल खेलिसकेको छ।

लिग-२ मा सहभागी ७ टिममध्ये नेपाल छैटौं स्थानमा छ। शीर्ष तीन भित्र परे एकदिवसीय विश्वकप छनोटमा पुगिनेछ भने शीर्ष तीन भित्र पर्न नसके प्लेअफ खेल्नुपर्नेछ।

लिगमा ३२ खेल खेलेको स्कटल्यान्ड ४६ अंकसहित शीर्ष स्थानमा छ। आफ्ना सबै ३६ खेल खेलेर ४४ अंक जोडेको ओमान दोस्रो स्थानमा रहदा नामिबिया ३० खेलबाट ३७ अंक जोड्दै तेस्रो स्थानमा छ।

सबै ३६ खेल खेलिसकेको अमेरिका ३५ अंकसहित चौथो स्थानमा छ। पाँचौ स्थानको युएईको २६ खेलबाट २७ अंक छ। नेपाल २४ खेलबाट १८ अंक जोडेर छैटौं स्थानमा छ। अन्तिम स्थानको पपुवा न्युगिनीको २८ खेलबाट ५ अंक छ।

**नेपाल–नामिबिया–स्कटल्यान्ड त्रिकोणात्मक सिरिज : कीर्तिपुर**

| | | |
|---|---|---|
| नेपाल भर्सेस नामिबिया | – | फागुन २ |
| स्कटल्यान्ड भर्सेस नामिबिया | – | फागुन ३ |
| नेपाल भर्सेस स्कटल्यान्ड | – | फागुन ५ |
| नेपाल भर्सेस नामिबिया | – | फागुन ६ |
| नामिबिया भर्सेस स्कटल्यान्ड | – | फागुन ८ |
| नेपाल भर्सेस स्कटल्यान्ड | – | फागुन ९ |

# उत्कृष्ट पुनरागमन जित निकाल्दै रियल म्याड्रिड कोपा डेल रेको सेमिफाइनलमा

**टुडे समाचारदाता**

काठमाण्डु । रियल म्याड्रिड स्पेनिस कोपा डेल रेको सेमिफाइनलमा प्रवेश गरेको छ । रियलले घरेलु मैदानमा १० खेलाडीमा समेटिएको एट्लेटिको मड्रिडमाथि ३-१ को पूनरागमन जित निकाल्दै रियलले अन्तिम चारमा स्थान पक्का गरेको हो।

घरेलु मैदानमा रियललाई जिताउन रोड्रिगो, कप्तान करिम बेन्जेमा र भिनिसियस जुनियरले गोल गरेका थिए। एट्लेटिकोका अल्भारो मोराटाले गरेको गोल सान्तवना भयो।

सान्टियागो बर्नबेउमा बिहीबार रातिको मड्रिड डर्बीमा खेलको १९औं मिनेटमा मोराटाले गोल गर्दै एथ्लेटिकोले सुरूआती अग्रता लिएको थियो।

खेल सकिन ११ मिनेट बाँकी रहँदासम्म १ गोलले पछि परेको रियलले ७९औं मिनेटमा बराबरी गोल फर्काउँदै खेलमा फर्कियो।

लुका मोड्रिचको पासमा रोड्रिगोले गोल गर्दै खेललाई बराबरीमा ल्याए। त्यसपछि खेल अतिरिक्त समयमा लम्बियो।




९९औं मिनेटमा एट्लेटिको १० खेलाडीमा समेटियो। स्टेफन साभिच चार मिनेटको अन्तरमा दोहोरो पहेँलो कार्ड पाएर मैदानबाट बाहिरिँदा रियलले त्यसको फाइदा उठायो।

१०४ औंमिनेटमा कप्तान बेन्जेमाले गोल गर्दै रियललाई २-१ ले अघि बढाए। त्यसपछि अतिरिक्त समयको थप गरिएको पहिलो मिनेटमा भिनिसियसले गोल गर्दै रियलको जित पक्का गरे।

गए रातिनै भएको अर्को क्वाटरफाइनलमा एथलेटिको बिल्वाओले भ्यालेन्सियालाई ३-१ ले पराजित गर्दै सेमिफाइनलमा स्थान पक्का गरेको छ।

यससँगै कोपा डेल रेको सेमिफाइनल समिकरण पुरा भएको छ। यसअघि क्याटलान क्लब बार्सिलोना र ओसासुनाले सेमिफाइनलमा स्थान पक्का गरिसकेका छन्।

# घाँस खेतीबाट आम्दानी गर्दै किसान

देउखुरी। घोराही-६ का खुसल डाँगी पेसाले शिक्षक हुनुहुन्छ। बिहान बेलुकाको समय सदुपयोग गरेर एक भैँसी, १० वटा बाख्रा पाल्नुभएको छ। घर नजिकैको १५ कट्ठा जमिनमा वरसिम खेती गर्नुभएको छ। वरसिम घाँसबाट गाईवस्तु पाल्न सजिलो भएको उहाँ बताउनुहुन्छ।

पहिले तोरी, गहुँ र मसुरा खेती गर्ने त्यो जग्गामा अहिले वरसिम घाँस लगाउने गरेको उहाँ बताउनुहुन्छ। हरियो हुँदा घाँस काटेर गाईवस्तुलाई खुवाउने र फल लागेमा बिक्री गर्न पाइने उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "गाईवस्तुका लागि घाँस खोज्न भौँतारिनु परेको छैन, घर छेउको खेतबाट सजिलै घाँस ल्याउन पाउँदा समयको बचत पनि भएको छ।" गत वर्ष रु एक लाखको वरसिम घाँस बेचेको उहाँले बताउनुभयो।

घोराही-१७ कर्जाहीका अनिल चौधरीले दुईवटा दुहुना भैँसी र आठवटा बाख्रा पाल्नुभएको छ। उहाँको मुख्य पेसा कृषि नै हो। उहाँले पनि घर नजिकैको १३ कट्ठा खेतमा वरसिम घाँस लगाउनुभएको छ। आफैँले बीउ उत्पादन गरेर बर्सेनि घाँस खेती गर्ने गरेको उहाँले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "गत वर्ष रु ७० हजारको घाँसको बीउ बिक्री गरेको थिएँ।" गँहु र मसुरोभन्दा धेरै आम्दानी हुने भएकाले यहाँका धेरैजसो किसान घाँस खेतीमा आकर्षण बढेको छ।

यसैगरी घोराही-७ का रुपक बुढाले पनि १३ कट्ठा खेतमा वरसिम घाँस खेती गर्नुभएको छ। वरसिम घाँस एक याममा पाँच पटकसम्म काट्न सकिन्छ। घाँस लगाउँदा धान उत्पादनमा समेत वृद्धि हुने उहाँको अनुभव छ। घाँस छरेपछि गोडमेल र स्याहार्ने झन्झट नभएकाले घाँसखेतीमा आकर्षण बढेको हो। गाई, भैँसी, भेडा, बाख्रा र कुखुरालाई समेत यो घाँसले फाइदा पुऱ्याउँछ। उहाँले पनि गत वर्ष रु ९० हजारको घाँस बिक्री गर्नुभएको थियो।

किसानले आम्दानी गर्नका लागि नगदेबालीको खेती गर्ने गरेको भए पनि दाङका किसानले घाँस बिक्री गरेर मनग्य आम्दानी गर्न थालेका छन्। कृषकहरुले व्यावसायिक रुपमा वरसिम घाँस खेतीबाट राम्रो आम्दानी गर्न थालेका छन्। घोराही उपमहानगरपालिका-५, ६, ७ र १७ का किसान पछिल्लो समयमा घाँस खेतीतर्फ आकर्षित बनेका छन्।



धान खेतीपछि वरसिम घाँस खेती गर्ने गरिन्छ। वरसिम घाँस एक वर्षीय हिउँदे कोसे घाँसबाली हो। यसलाई भुइँघाँस पनि भन्ने गरिन्छ। यो घाँस दूध उत्पादनका लागि अत्यन्तै लाभकारी मानिन्छ। बर्सातको समयमा लगाएको धान काट्नुभन्दा अगाडि मसुरो छरे जस्तै गरेर यो घाँसको बीउ छर्ने गरिन्छ। घाँस उम्रँदा धान काटिसकेको हुनुपर्छ। कसैले यसलाई खेत जोतेर पनि छर्ने गरेका पनि छन्। घोराही-६ का कृषकले १० कट्ठादेखि साढे दुई बिघासम्म घाँस खेती गरेका छन्।

पछिल्लो समय दाङका धेरैजसो स्थानमा यो घाँस खेती हुने गरेको छ। दाङको देउखुरी क्षेत्रका पशुपालक किसान पनि यो घाँस खेती गर्न थालेका छन्। घोराही उपमहानगरपालिका-६ को गुरुवागाउँ, गुरगै, वेरुवागाउँ, जजरागाँउ, वेरगै, फचकपुर र अघरा घोराही-१७ को गैरागाउँका किसानहरुले वरसिम घाँस खेती गरेका छन्। अहिले उक्त क्षेत्रमा रहेका एक सय ८० घरपरिवारले घाँस खेती गर्ने गरेको शिवशक्ति घाँस बीउ उत्पादक सङ्घका सचिव विमल अधिकारीले जानकारी दिनुभयो। जोत्न, मल हाल्नु नपर्ने तथा लगानी कम र आम्दानी राम्रो हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको अधिकारी बताउनुहुन्छ।

उहाँका अनुसार जिल्लामा अहिले एक हजार दुई सय हेक्टरमा वरसिम घाँस खेती गरिएको छ। व्यावसायिक रुपमा घाँसखेती गर्ने दाङ पहिलो जिल्ला हो। गत वर्ष सङ्घले ३५ लाखको घाँस बिक्री गरेको थियो। यस वर्ष वरसिम घाँसको बीउ करिब ७० लाखको बिक्री हुने अनुमान गरिएको छ।

घोराही-६ मा २०५६ सालदेखि नै व्यावसायिक रुपमा घाँस खेती सुरु भएको थियो। घाँसको उत्पादन राम्रो भएपछि घाँसको बीउ बिक्रीका लागि शिवशक्ति घाँसको बीउ उत्पादक सङ्घको कृषि सहकारी स्थापना भएको हो। प्रतिकट्ठा ३० देखि ३५ केजीसम्म घाँसको बीउ उत्पादन हुने गरेको छ। घोराही उपमहानगरपालिका पशु सेवा शाखाले तीन सय ३९ किसानलाई दुई हजार तीन सय ४८ किलो वरसिम घाँस ५० प्रतिशत अनुदानमा वितरण गरेको पशु शाखाप्रमुख खिमबहादुर बस्नेतले बताउनुभयो।

हिउँदे घाँस वरसिमलाई असोजदेखि मङ्सिरसम्म छरिसक्नुपर्छ। पुस, माघ र फागुन महिनामा काटेर गाईभैँसीलाई खुवाउन सजिलो हुन्छ। दाङमा उत्पादन भएको घाँसको बीउ रुपन्देही, पाल्पा, बाँके, बर्दिया, प्यूठान, कैलाली, कञ्चनपुर, मोरङ, सर्लाही, चितवन, नवलपरासी, सुर्खेत, कास्की, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रे जिल्लामा बिक्री हुने गरेको बताइएको छ।

कृषकले एक किलो घाँसको बीउ रु दुई सयमा बिक्री गर्ने गरेका छन्। सङ्घले ग्रेडिङ गरेर प्रतिकिलो एक सय ६५ देखि दुई सय २० सम्ममा बिक्री गर्ने गरेको छ। वरसिम घाँसलाई घाँसको राजाका रुपमा पनि लिने गरिन्छ। यो घाँस गाई, भैँसी, बाख्रा, कुखुराले राम्रो मानेर खाने गर्दछन्। जिल्लामा गाई, भैँसी र बाख्राको व्यावसायिक पालन बढ्दै गएपछि आर्थिक आयका लागि किसानहरुले घाँस मात्रै खेती गर्ने गरेको सचिव अधिकारीले जानकारी दिनुभयो।

पछिल्लो समय दाङ घाँसको बीउ पकेटको क्षेत्रका रुपमा विकसित हुँदै गएको छ। अन्य जिल्लामा हावापानी नमिल्दा यसको बीउ उत्पादन नहुने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङका प्रमुख सुदाम भट्टले जानकारी दिनुभयो। खासगरी धान उत्पादनको तुलनामा पाँचदेखि १० गुणा बढी उत्पादन तथा आम्दानी हुने भएपछि यसतर्फ कृषकको आकर्षण बढेको भट्टले बताउनुभयो। घाँस खेती गरेका किसानले हरियो घाँस, फलेको दाना बिक्री गरेर पनि आम्दानी गर्न सक्छन्।

लमही नगरपालिकाका किसानलाई व्यावसायिक रुपमा पशुपालन गर्न प्रोत्साहित गराउने उद्देश्यले अनुदानमा घाँसको बीउ वितरण गरेको लमही नगरपलिकाका प्रमुख जोगराज चौधरीले बताउनुभयो। स्थानीयस्तरमा उत्पादन भएको बीउ खरिद गरेर ५० प्रतिशत अनुदानमा वितरण गर्ने गरेका छौँ," उहाँले भन्नुभयो। घाँसको व्यवस्थापन भएपछि पशुपालक किसानको यसतर्फ आकर्षण बढेको उहाँको भनाइ छ।रासस

# आर्थिक गतिविधि चलायमान बनाउन चेम्बरको आग्रह

काठमाण्डु। नेपाल चेम्बर अफ कमर्सले व्यावसायिक गतिविधि सहज बनाउन सरकार र सरोकारवाला निकायको ध्यानाकर्षण गराएको छ। मुलुकमा पछिल्लो समय व्यावसायिक गतिविधि सहज हुन नसकेको भन्दै चेम्बरले आर्थिक र वित्तीय अनुशासनमा जोड दिएको हो।

व्यावसायिक कठिनाइका कारण आत्मदाह गर्ने अवस्था आउनु मुलुककै लागि दुर्भाग्य भएको चेम्बरको ठहर छ। चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, "वित्तीय संस्थामा लामो समयदेखि सृजित समस्याले उद्योगी र व्यावसायिक क्षेत्रमा गम्भिर असर गरेको छ। व्यावसायिक समस्याकै कारण आत्मदाहको अवस्थामा पुग्नु समग्र राष्ट्रका लागि दुःखद् घटना हो।'

मुलुकमा नै केही गर्न खोज्ने युवाका लागि राज्य संयन्त्रबाट नीतिगत झण्झट अन्त्य गर्न र बैंक वित्तीय संस्थाले पनि ऋण लिने दिने प्रक्रियालाई सेवामुखी बनाउनुपर्ने चेम्बरले जनाएको छ। उच्च ब्याजदर नियन्त्रण एवम् लगानीमुखी वातावरण निर्माणका लागि राज्यका निकायमा पटकपटक ध्यानाकर्षण गराइएको चेम्बरले उल्लेख गरेको छ।

मुलुकमा हुने उधारो कारोबारलाई निरुत्साहित गरी नगद कारोबारलाई प्रोत्साहन एवम् डिजिटल प्रणालीमा लैजान अध्यक्ष राजेन्द्र मल्लले आग्रह गर्नुभएको छ। चेम्बरले ब्याजदरको स्थायीत्व र लगानीका लागि सहज वातावरण बनाउन केन्द्रीय बैंक एवम् बैंक वित्तीय संस्थालाई पुनःआग्रह गरेको छ। पछिल्लो समय साना, मझौला, महिला उद्यमी, कृषिलगायतका क्षेत्रको उद्यमशिलता विकासका लागि राज्यले ठोस नीतिगत व्यवस्था गर्नुपर्नेमा चेम्बरले जोड दिएको छ।रासस

# घट्यो सुनको मूल्य चाँदीको स्थिर

काठमाण्डु। सुनचाँदी बजारमा शुक्रवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनको तुलनामा प्रतितोला रू एक हजार एक सयले घटेको छ। अघिल्लो दिन प्रतितोला रू एक लाख छ हजार नौ सयमा कारोबार भएको सुनको मूल्य शुक्रवार प्रतितोला रू एक लाख पाँच हजार आठ तोकिएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार शुक्रवार तेजाबी सुनको मूल्य प्रतितोला रू एक लाख पाँच हजार तीन सय छ। यसको मूल्य अघिल्लो दिन रू एक लाख छ हजार चार सय थियो।

त्यस्तै शुक्रवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही प्रतितोला रु एक हजार तीन सय ८० कायम रहेको महासङ्घले जनाएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ।रासस

# रेमिटचान्स कम्पनीले नियम पालना नगरे एक वर्षसम्म प्रतिबन्ध

काठमाण्डु। रेमिट्यान्स कम्पनीले नीति नियमको पालना नगरे एक महिनादेखि एक वर्षसम्म प्रतिबन्ध लगाउने भएको छ। शुक्रवार नेपाल राष्ट्र बैंकले विप्रेषण विनियमावली, २०६७ खारेज गरी विप्रेषण विनियमावली, २०७९ जारी गर्दै सो व्यवस्था गरेको हो। नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि नीति नियमको पालना नगर्ने रेमिट्यान्स कम्पनीलाई राष्ट्र बैंकले नगद कारोबारमा प्रतिबन्ध लगाउन सक्नेछ।

नेपाल राष्ट्र बैंकको नियमावलीको नियम १६ मा नियम उल्लङ्घन गरेमा विप्रेषण कम्पनीलाई हुने सजाय तथा जरिवानाका बारेमा यस्तो उल्लेख गरिएको छ। नियमन उल्लङ्घन गरेमा विप्रेषण कम्पनीलाई राष्ट्र बैंकले एक वा एकभन्दा बढी सजाय तथा जरिवाना गर्नसक्ने व्यवस्था मिलाएको हो।

जसमा सचेत गराउने, लिखित चेतावनी दिने, नियमन उल्लङ्घनको प्रकृति हेरी विप्रेषण कारोबारमा एक महिनादेखि एक वर्षसम्मको प्रतिबन्ध लगाउने, राष्ट्र बैंकमा रहेको धरौटी जफत गर्ने, रु एक लाखदेखि रु दश लाखसम्म नगद जरिवाना गर्ने र इजाजतपत्र निलम्बन गर्ने, निलम्बन गरी खारेज गर्ने वा सोझै खारेज गर्ने व्यवस्था गरेको छ।

साथै, नेपाल राष्ट्र बैंकले कम्पनीले नियमन उल्लङ्घन गरेमा पदाधिकारी तथा कर्मचारीलाई पनि सजाय तथा जरिवाना हुने व्यवस्था मिलाएको छ। उपविनियम २ मा कसुर गर्ने पदाधिकारीलाई राष्ट्र बैंकले प्रकृति हेरी रु पचास हजारदेखि रु पाँच लाखसम्म नगद जरिवाना गर्ने र निलम्बनमा गर्नेसमेत व्यवस्था मिलाएको छ।

विभागका अनुसार नेपाल राष्ट्र बैंक सञ्चालक समितिको माघ ३ मा बसेको बैठकबाट नयाँ नियमावली स्वीकृत भएको हो।

**मर्जरको बाटो खुल्यो**

राष्ट्र बैंकले विप्रेषण विनियमावली, २०६७ खारेज गरी विप्रेषण विनियमावली, २०७९ जारी गरेसँगै रेमिट्यान्स कम्पनीलाई मर्जर तथा एक्विजिसन बाटो खुलेको छ। विनियमवालीको परिच्छेद ७ को नियम २० मा इजाजत्रपत्र प्राप्त विप्रेषण कम्पनी एकापसमा गाभ्न गाभिन वा प्राप्ति गर्नसक्ने व्यवस्था मिलाएको हो।

**राष्ट्र बैंकले विप्रेषण विनियमावली, २०६७ खारेज गरी विप्रेषण विनियमावली, २०७९ जारी गरेसँगै रेमिटचान्स कम्पनीलाई मर्जर तथा एक्विजिसन बाटो खुलेको छ। विनियमवालीको परिच्छेद ७ को नियम २० मा इजाजत्रपत्र प्राप्त विप्रेषण कम्पनी एकापसमा गाभ्न गाभिन वा प्राप्ति गर्नसक्ने व्यवस्था मिलाएको हो।**

संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन सम्बन्धमा दिइएका निर्देशनको पालना नभएको कारण पर्न सक्ने असर तथा गाभ्दा-गाभिंदा वा प्राप्तिपश्चात् कायम रहने सञ्चित नाफा/नोक्सानीको अवस्था समेतलाई मध्यनजर गरी विभागले कुनै पनि इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीलाई गाभ्न-गाभिन वा प्राप्तिका लागि अयोग्य मान्न सक्नेछ।

नियम २१ मा इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीको सञ्चालक समितिले अख्तियारी लिने तथा संयुक्त मर्जर वा प्राप्ति समिति गठन गर्नुपर्ने व्यवस्था मलिाएको छ। "योग्य इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीले प्रचलित व्यवस्थाबमोजिम तोकिएका प्रक्रिया पूरा गरी अर्को इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीसँग गाभ्न-गाभिन वा प्राप्ति गर्न चाहेमा सो कार्य अगाडि बढाउन पछिल्लो दुई आर्थिक वर्षभित्र सम्पन्न साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सञ्चालक समितिले अख्तियारी प्राप्त गर्नुपर्नेछ", विनियमावलीमा उल्लेख गरिएको छ।


सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेपछि संयुक्त मर्जर वा प्राप्ति समितिले सेयर स्वाप अनुपात कायम गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको हो। रु दुई करोडको चुक्ता पुँजी भएका कम्पनीको चुक्ता पुँजी रु दश करोड पुऱ्याउने नीति अघि सारेसँगै मर्जलाई प्रेरित गरेको हो।रासस

# अरुण तेस्रो जलविद्युत्, साकेलामा मुआब्जा वितरण शुरु

खोटाङ। साकेला गाउँपालिकामा अरुण तेस्रो जलविद्युत आयोजनाको प्रशारणलाइनका लागि टावर निर्माण गर्नेक्रममा अधिग्रहण गरिएका जग्गाका धनीलाई मुआब्जा वितरण सुरु गरिएको छ।

सङ्खुवासभामा निर्माणाधिन चार सय केभी क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रशारणलाइनको टावर निर्माणका लागि खोटाङका साकेला र दिप्रुङ चुइचुम्मा गाउँपालिकामा जग्गा अधिग्रहण गरिएको थियो।

गत कातिकदेखि साकेला गाउँपालिकाभित्रका ३० जना जग्गाधनीलाई मुआब्जा वितरण गरिसकिएको आयोजनाका खोटाङ प्रमुख अमृत कार्कीले बताउनुभयो। "साकेलाका ८० जना जग्गाधनीलाई मुआब्जा वितरण गर्ने योजना छ", उहाँले भन्नुभयो, "वडा नं १ बाँझेच्यानडाँडाका २९ जना, वडा नं २ रतन्छाका २० जना, सवडा नं. ४ मात्तिमका १२ जना र वडा नं. ५ मात्तिम मानेभञ्ज्याङका १९ जनाको जग्गा अधिग्रहण गरेबापत मुआब्जा वितरण गर्ने निश्चित भएको छ।"



साकेला गाउँपालिकामा आयोजना टावरको फाउण्डेसन रहने स्थानका ९२ कित्ता निजी र चार कित्ता सरकारी जग्गा अधिग्रहण गरिनेछ। जग्गा अधिग्रहणमा परेका अधिकांश जग्गाधनी बाहिरी जिल्ला बसोबास गर्ने भएकाले मुआब्जा वितरणमा ढिलाइ भएको आयोजनाले जनाएको छ।

जग्गाधनीले मुआब्जा लिएका क्षेत्रमा टावर निर्माणको कामसमेत शुरु गरिएको आयोजनाका खोटाङ प्रमुख कार्कीले बताउनुभएको छ। खुवासभाबाट भोजपुर हुँदै खोटाङको साकेला गाउँपालिका र दिप्रुङ चुइचुम्मा गाउँपालिकाबाट उदयपुरको ढल्केबर जोडिने अरुण तेस्रोको प्रशारणलाइनका लागि साकेला र दिप्रुङ चुइचुम्मा गाउँपालिकाका करिब ६.४ हेक्टर जग्गा अधिग्रहण हुनेछन्।

आयोजनाका लागि साकेला गाउँपालिकाभित्र ३९ वटा र दिप्रुङ चुइचुम्मा गाउँपालिकाभित्र ४१ टावर निर्माण हुने जनाइएको छ। आयोजनाको टावर वरपरका २३/२३ मिटरभित्रको जग्गा अधिग्रहण गरिने छ।

जलविद्युत आयोजनाको प्रशारणलाइनको रुटमा पर्ने दिप्रुङ चुइचुम्मा गाउँपालिकाभित्रका जग्गा अधिग्रहणका लागि जिल्ला प्रशासन कार्यालयले माघ-७ गते जग्गा प्राप्ति गर्ने सम्बन्धी सूचना प्रकाशित गरेको छ। कार्यालयले रुटमा पर्ने जग्गा पूर्ण वा आंशिकरुपमा तथा जग्गामा रहेका घर, गोठ, टहरालगायतका भौतिक संरचनाका साथै रुख बिरुवा समेत स्थायीरुपमा प्राप्ति गर्नेगरी सूचना प्रकाशित गरेको हो।

सूचना प्रकाशित भएको मितिदेखि नै प्राप्ति गरिने जग्गा रोक्का रहने भन्दै प्रशासनले उक्त क्षेत्रमा कुनै पनि संरचना बनाउने वा थप्ने कार्य नगर्न नगराउन भनेको छ। दिप्रुङ चुइचुम्मा गाउँपालिकाका जग्गाधनीलाई मुआब्जा वितरणका लागि मुआब्जा निर्धारणका लागि प्रकृया थालिएको जनाइएको छ।

आयोजनाको प्रशारणलाइनको २७ किलोमिटरखण्ड खोटाङभित्र हुने खोटाङ प्रमुख कार्कीले बताउनुभएको छ। वि.सं. २०७५ वैशाख २८ गते नेपालका तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले काठमाडौँबाट शिलान्यास गर्नुभएको अरुण तेस्रो आयोजना भारतको सतलज हाइड्रो कम्पनीले ठेक्का लिएको छ।

राष्ट्रिय गौरवका आयोजना अन्तर्गत पर्ने दूधकोशी जलशाययुक्त जलविद्युत् आयोजनाका लागि आवश्यक जग्गा व्यवस्था गर्न अधिग्रहण शुरु भएको छ। खोटाङको रावाबैँसी-३ लामीडाँडा र ओखलढुङ्गाको चिशङ्खुगढी-६ भदौरेको सिमानामा पर्ने दूधकोशी नदीस्थित रभुँवाघाटबाट ६३५ मेगावाट क्षमताको जलविद्युत् आयोजनाका लागि पाँच हजार ८२६ कित्ता जग्गा अधिग्रहणको प्रक्रिया शुरु गरिएको हो।

आयोजनाले समुद्री सतहदेखि ६४० मिटरसम्मको जग्गाडुबानमा पार्ने भएकाले छ सय ५० मिटरसम्मको जग्गा अधिग्रहणको प्रक्रियामा लगिएको जनाइएको छ। मुआब्जादेखि अन्य विभिन्न कामका लागि यो वर्ष करिब रु आठ करोड बढी खर्च हुने जनाइएको छ।

आयोजना सञ्चालनका लागि करिब रू एक खर्ब ६० अर्ब खर्च लाग्ने अनुमान गरिएको विद्युत् प्राधिकरणले जनाएको छ। दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाका लागि एसियाली विकास बैङ्क (एडिबी)ले आर्थिक लगानी गर्ने जनाएको छ।

दूधकोसी आयोजनका कारण डुबानमा पर्ने रावाबैँसी-१ लामिडाँडास्थित रभुँवा माझीगाउँका समुदायले नदी र जङ्गल आसपासमै पुनः स्थापित गर्नुपर्ने बताएका छन्। जन्मदेखि मृत्युसम्मको साँस्कृतिक परम्परा नदीसँगै सम्बन्धित भएकाले नदी र जङ्गल आसपासमै पुनःस्थापित गर्नुपर्ने उनीहरुको माग छ।रासस


## जनहितमा जारी सन्देश

- जन्मदर्ता, मृत्युदर्ता, बसाइसराई लगाएत घटनाहरु समयमै दर्ता गर्ने गरौं,
- ५ वर्ष पुगिसकेका आफ्ना बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं,
- सडक किनारमा गाई वस्तु नबाधौं,
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं,
- नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं,
- सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं।

**गढीमाई नगरपालिका**
**समनपुर, रौतहट**

## Gaur Municipality
### Office of the Municipal Executive
### Gaur, Rautahat

## Invitation for BID (IFB) Dated 2079 Magh 13

1. Gaur Municipality invites following electronic bid from eligible national bidders under competitive bidding (NCB) under single stage single/double envelope procedure.
2. The Details of the project are as following.

| Contract ID | Project Name | Bid Securtiy Amount (NRs.) | Bid Document Fee (NRs.) | Bid Validity/ Bid Bond Guarantee Period | Last Date & TIme of bid submission |
|---|---|---|---|---|---|
| NCB-TB-4/079/80 | Baneshwor Nath Mandir Trail Bridge, Gaur-2, Rautahat | 1072000.00 | 5000.00 | 90 days/120 days from last date of bid submission | 2079/11/15 till 12:00 pm |

3. The Eligible bidders may submit the bid online.
4. Eligible bidders may obtain further information from PPMO's webiste - www.bolpatra.gov.np/egp or visit office of The Municipal Executive, Gaur Municipality, Rautahat.
5. The office reserves the right to accept or reject. wholly of partly any or all the bids without assigning reasons.

# ‘उद्योगी व्यवसायीहरुको पीडा बुझेर सरकारले सही नीति अवलम्बन गर्नुपर्छ’

**टुडे समाचारदाता**

वीरगञ्ज । सरकारले सही नीति अवलम्बन नगर्दा उद्योगी व्यवसायीहरु मार्कामा परेको बताइएको छ।




शुक्रबार वीरगञ्जमा आयोजित रूँगटा वेलफेयर सोसाइटीको ११ वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा उद्योगी व्यवसायीहरु मार्कामा परी आफ्नो ज्यान दिने अवस्था पुग्दासमेत सरकारले सही नीति अवलम्बन नगर्नु दुःखद भएको सहभागीहरुले बताएका छन्।

कार्यक्रममा सहभागीहरुले ‘ब्याङ्कले बढाउँदै गएको चर्को ब्याजदरको कारण उद्योगी र व्यवसायी पीडामा भएको चर्चा गर्दै आफ्नो ज्यान दिने अवस्थामा पुगिसकेकाले राज्यले केही गम्भीर कदम उठाउन आवश्यक रहेको धारणा राखे।

उनीहरुले हाल राज्यको काम गर्ने प्रणाली कमजोर रहेकाले सुधार नल्याए निश्चित रुपले देश ठूलो सङ्कटमा पर्ने चिन्ता व्यक्त गरे।

प्रतिनिधिसभा सांसद प्रदीप यादवले ब्याङ्कले बदमासी गरिरहेको अवस्थामा नेपाल सरकारका गभर्नरले पनि उनीहरुको साथ दिरहेको आरोप लगाए। ‘ब्याङ्कहरुले ढाडसेक्ने किसिमले ब्याजदर बढाएका छन्, उद्योगीदेखि साना व्यवसायीसमेत सरकारसँग हार गुहार गरिरहेका छन् , यस्तो अवस्थामा गभर्नरले ब्याङ्को पक्षमा बोलिरहेका छन्, यो भन्दा ठूलो दुर्भाग्यपूर्ण कुरा के हुनसक्छ’, पूर्व वन तथा वातावरणमन्त्रीसमेत रहेका यादवले भने।

उनले राज्यले विदेशीहरुबाट चर्को दरमा ऋण उठाएर अनावश्यक लगानी गर्दै नागरिकमाथि आर्थिक भार थपेको आरोपसमेत लगाए। पोखरा र भैरहवा विमानस्थलको उदाहरण दिँदै उनले भने, ‘अध्ययन, अनुसन्धान र दूरगामी सोचनै नराखी चर्को ब्याजदरमा अन्य मुलुकसँग ऋण लिएर आज हामीले पोखरा र भैरहवामा ठूलाठूला विमानस्थल त बनायौँ तर आज त्यहाँको अवस्था के छ, त्यो कसैसँग लुकेको छैन।

निजगढ विमानस्थलमा लगानी गर्नुपर्ने ठाउँमा सरकारले भविष्यनै नभएको ठाउँमा त्यत्रो लगानी गरेर नागरिकमाथि आर्थिक भार थप्ने बाहेक कुनै काम गरेको छैन। म लेखेर दिन्छु दुबै विमानस्थल फेलियर हुन्छ।’

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य एवम् वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुवोधकुमार गुप्ता, संघका निवर्तमान अध्यक्ष एवम् नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक बैद्य, महासंघका केन्द्रीय सदस्य गोपाल केडियालगायतले शुभकामना मन्तव्य राख्दै सोसाइटीले गर्ने कामको प्रशंसा गरेका थिए।

सोसाइटीका संस्थापक एवम् अध्यक्ष मुरलीधर रूँगटाको सभापतित्वमा भएको कार्यक्रममा पर्सा र बाराका १४ वटा शैक्षिक एवम् सामाजिक संस्थाकलाई ह्विलचेयर, ब्यागलगायत अन्य शैक्षिक सामग्री वितरण गरिएको थियो।

# आत्महत्या हो कि हत्या ?

ब्लग :



श्यामसुन्दर शशि

माघ १० गते अर्थात् वितेको मंगलवार नेपालको इतिहासमा सर्वाधिक दुखान्त दिनहरुमा गनिने छ। यो यस्तो अभिशप्त दिन हो, जुन दिन राजधानी काठमाण्डुसहित मुलुकको तीन स्थानमा चार जनाको दुःखद मृत्यु भएको थियो। यद्यपि मृत्युका कारणहरु फरक फरक छन्। पृष्ठभूमि र परिवेश पनि भिन्न छन् तर सरकारी अभिलेखमा आत्महत्या शीर्षकमा राखिएका यी चारै मृत्यु राज्यमाथि गम्भीर प्रश्न खडा गरेको छ। राज्य संचालन विधि तथा राज्य संचालन गर्ने सरोकारवालाहरुलाई कठघरामा ल्याइ खडा गरेको छ। आमजनको मनमा प्रश्नको ओइरो छ। सबै सोध्न चाहन्छन् - यी चार जनाको दुखान्त मृत्यु आत्महत्या हो कि हत्या ?

यद्यपि यसै महिना काठमाण्डुबाट पोखरा जाँदै गरेको यति एयरलायन्सको विमान दुर्घटना हुँदा ७२ जनाको दुःखद मृत्यु भएको थियो। यस अघि पनि मुलुक ठूल-ठूला बाढी-पहिरो, सडक र हवाइ दुर्घटना, महामारी तथा भूकम्प जस्ता विपद्हरु भोगेकै हो। यी घटनाहरुमा पनि हजारौँको दुःखद मृत्यु भएकै हो तर संसद भवन अगाडि प्रधानमन्त्रीको सवारी जाँदै गर्दा आफ्नो शरीरमा पेट्रोल खन्याएर ज्यान दिएका इलामका ३६ वर्षीय प्रेमप्रसाद आचार्य, छोराको विहेमा लिएको ऋणको भारी बोक्न नसकि जीवनलीला समाप्त गरेका सप्तरीका ४५ वर्षीय रामदेव मरिक तथा प्रेम गरेकै कारण निरन्तर खानु परेको सामाजिक र प्रशासनिक हण्डरको कारण एउटै पासोमा ज्यान दिएका झापा कचनकवलका २५ वर्षीय राजेशकुमार गणेश र १८ वर्षीया पवित्राकुमारी राजवंशीको मृत्यु सामान्य होइन्।

छोराको विवाहमा लिएको ऋण तिर्न नसक्दा तनावमा रहेका सप्तरी छिन्नमस्ता गाउँपालिका-२ का ४५ वर्षीय रामदेव मरिक मंगलवार घरभन्दा ३ सय मिटर दक्षिण-पश्चिममा अवस्थित आँपको रुखमा झुण्डिएको अवस्थामा फेला परेको थिए। मरिक आफ्नो श्रीमती उर्मिला देवीको नामबाट ०७८ मंसिर १३ मा ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्थाबाट ९० हजार तथा महुली लघुवित्त वित्तीय संस्थाबाट १५ हजार ऋण लिएका थिए। आइएमई लघुवित्तको अचेल ४४ हजार ३ सय ३२ रुपैयाँ साँवा र २ सय ७१ रुपैयाँ ब्याज तिर्न बाँकी छ। यसैगरी महुली लघुवित्त वित्तीय संस्थाको १५ हजारऋण लिएकामा ४ हजार ३ सय ३ रुपैयाँ ९० पैसा तिर्न बाँकी छ। पछिल्लो समय मन्दीको हवाला दिदै बैंक तथा वित्तीय संस्थाहरु ऋणको ब्याज आफू खुसी बढाएको अवस्था छ। १२ प्रतिशतमा लिएको ऋण १७ प्रतिशत पुगेको छ। बैंकले ऋणीसंग सोध्दै नसोधी ब्याज बढाउँने, नियामक संस्थाहरु उर्दीमात्र जारी गर्ने भएपछि ऋणीको मनोदशा के होला ?

बानेश्वरमा आफैलाई आगो लगाएका इलामका प्रेमप्रसाद आचार्यको मृत्यु पनि आर्थिक तंगीकै कारण भएको हो। आफ्नै देशमा केही गर्रौ। आफ्नै देशमा कमाएर परिवार पालौं भने ममत्वले प्रेमप्रसादको ज्यान लिए जस्तो छ। आत्मदाह गर्नु पूर्व उनले फेसबुकमा लामो स्टेटस लेखेका छन्। आफ्नो मृत्युनामामा आफू उद्योगी/व्यवसायी भएको र व्यापार व्यवसायमा जताततै असफलता बेहोरेको उल्लेख गरेका छन्। पढ्दा, जागिर खाँदा, व्यापार गर्दा, वैदेशिक रोजगारमा जाँदा एवम् उद्योग चलाउँदा भोग्नुपरेका समस्याको वेलिविस्तार लेखेका छन्। आफूलाई धोका दिने र ठग्ने केही व्यक्ति र संस्थाको नामपनि लेखेका छन्। प्रेमप्रसादहरु कुनै व्यक्ति वा संस्थाद्वारा ठगिन्छन्। गुहार माग्न सरकारी निकायमा जाँदा न्याय पाउँदैनन् र आत्महत्या गर्छन भने यसमा राज्यको कुनै दायित्व छ कि छैन ?

झापा, कचनकवलको घटना त झन हृदयविदारक छ। डेढ वर्षदेखिको तनावपूर्ण प्रेम सम्बन्धमा रहेका का २५ वर्षीय राजेशकुमार गणेश र १८ वर्षीया पवित्राकुमारी राजवंशीको शव स्थानीय एभरेस्ट चिया बगानको शिरीषको रूखमा एउटै पासोमा झुण्डिएको अवस्थामा फेला परेको थियो। प्रेम सम्बन्ध भएपछि २०७८ साउन ११ मा भागी विवाह गरेका थिए। तर दुबैका परिवारले भागी विवाह स्वीकार गरेको थिएन। केटी नाबालिग भएकाले कानूनी रूपमासमेत सम्बन्ध जोड्न कठिन थियो। करिब डेढ महिना पवित्रा राजेशको घरमा बसेकी थिइन। त्यसपछि माइती पक्ष पवित्रालाई फकाएर माइत घर लगे अनि राजेशमाथि बलात्कार मुद्दा गर्न लगाए। राजेशलाई केही दिन जेल पनि बस्नु पऱ्यो। तर पछि सामान्य बन्न थालेको उनीहरुको सम्बन्ध संयुक्त आत्महत्यासंगै सदाको लागि समाप्त भयो।

हत्या, आत्महत्या, दुर्घटना, महामारी तथा प्राकृतिक विपदा भई रहने विषय हो। दुनियाँमा हुँदै आएको छ र भइ पनि रहने छ। यी विपदाहरुलाई रोक्न सक्ने भए कोरोनाकालमा अमेरिका, वेलायत, चीनजस्ता समुन्नत मुलुकको हविगत त्यस्तो हुने थिएन। फेरि तनाव, दबाब वा सामाजिक अवहेलनाको विकल्प आत्महत्या होइन। आत्महत्या कायरले गर्ने उपक्रम हो। तनाव र दबाबको सामना गर्न नसक्ने व्यक्ति आत्महत्या जस्तो सरल बाटो रोज्छन्। तर यति भनि रहँदा आफ्ना नागरिकको जिउ, ज्यान, सम्पति तथा रोजगारीको सुरक्षा गर्ने दायित्व राज्यसंगै समाजको पनि हो। एउटा व्यावसायीको व्यावसायको सुरक्षा गर्न नसक्ने, बैंकहरुले मनपरी बढाएको ब्याजदर नियन्त्रण गर्न नसक्ने अनि राजीखुसीले बनाएको प्रेम सम्बन्धलाई बलात्कारको नाम दिएर युवकलाई जेलसम्म पुऱ्याउने घटनाहरुले राज्यमाथि प्रश्न तेर्साएकै हो - इलामका प्रेमप्रसाद, सप्तरीका रामदेव मरिक तथा झापा, कचनकवलका राजेशकुमार गणेश र पवित्राकुमारी राजवंशीले आत्महत्या गरेका हुन कि उनीहरुको हत्या गरिएको हो ?

> “ हत्या, आत्महत्या, दुर्घटना, महामारी तथा प्राकृतिक विपदा भई रहने विषय हो। दुनियाँमा हुँदै आएको छ र भइ पनि रहने छ। यी विपदाहरुलाई रोक्न सक्ने भए कोरोनाकालमा अमेरिका, वेलायत, चीनजस्ता समुन्नत मुलुकको हविगत त्यस्तो हुने थिएन। फेरि तनाव, दबाब वा सामाजिक अवहेलनाको विकल्प आत्महत्या होइन। आत्महत्या कायरले गर्ने उपक्रम हो। तनाव र दबाबको सामना गर्न नसक्ने व्यक्ति आत्महत्या जस्तो सरल बाटो रोज्छन्। तर यति भनि रहँदा आफ्ना नागरिकको जिउ, ज्यान, सम्पति तथा रोजगारीको सुरक्षा गर्ने दायित्व राज्यसंगै समाजको पनि हो।

# न्यायाधिवक्ताको नियुक्ति आइतबार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मुख्य न्यायाधिवक्ता आगामी आइतबार नियुक्त हुने भएको छ।

मुख्यमन्त्री सरोज कुमार यादवले सो पदका लागि प्रदेश प्रमुख हरिशंकर मिश्रसमक्ष सिरहाका वीरेन्द्र ठाकुरको नाम सिफारिस गरिसकेका छन्।

प्रदेश प्रमुखको सचिवालयले शुक्रबार नै उनको नियुक्ति र शपथ ग्रहण गर्ने तयारी गरेको थियो। तर मुख्यमन्त्री यादवको व्यस्तताले शुक्रबारको कार्यक्रम रद्द गरिएको छ।



आइतबार प्रदेश प्रमुखले ठाकुरलाई नियुक्त गरेसँगै पद तथा गोपनीयताको शपथ गराउने छन्। त्यसपछि ठाकुरले पदभार ग्रहण गरेर प्रदेश सरकारको कानून निर्माण सम्बन्धी काम गर्ने बताइएको छ।

प्रदेशमा न्यायाधिवक्ताको सेवा सुविधा राज्य मन्त्री सरह हुने व्यवस्था छ।

यसअघि मधेश प्रदेशको न्यायाधिवक्तामा महोत्तरीका दीपेन्द्र झा थिए। मंसिर ४ गते भएको निर्वाचनमा सहभागी हुन उनले पदबाट राजिनामा दिएका थिए। उनी महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ को ‘क’बाट चुनाव लड्दा पराजित भएका थिए। पराजित भएपछि उनी पुनः कानून व्यवसायी पेशामै फर्किएका छन्।

# वडा अध्यक्ष पक्राउ

**सिकेन्द्र पासवान**



कलैया । बाराको कलैयाउपमहानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष मोहन साह कानुलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

चोरीको चुरोट उनको साथबाट बरामद भएपछि प्रहरीले उनलाई सोधपुछका लागि नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार गणेश साहले सञ्चालन गरेको गोदामको ताल्चा फोडेर २ कार्टुन चुरोट चोरी भएको थियो। एक कार्टुन चुरोटको एक लाख जति पर्ने दाबी गोदामका सञ्चालकले बताएका छन्।

चोरीमा संलग्न रहेको आरोपमापक्राउ परेका व्यक्तिले चुरोट वडा अध्यक्षले खरिद गरेको भनेपछि उनलाई सोधपुछका लागि बोलाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले वडा अध्यक्षलाई चोरी भएको चुरोट खरिद गरेको आरोप लागेपछि सोधपुछका लागि बोलाइएको जानकारी दिएका छन्।

# ‘विकास र न्यायको लागि जनमतको विकल्प छैन’



**ओम प्रकाश यादव**

गरुडा । खानेपानी तथा सरसफाइ मन्त्री अब्दुल खानले शिक्षा, स्वास्थ्य, सामाजिक न्याय र रोजगारीका लागि जनमत पार्टीको कुनै विकल्प नरहेको बताएका छन्।

डा.सीके राउत नेतृत्वको जनमत पार्टीका उपाध्यक्षसमेत रहेका खानेपानी मन्त्री खानले लोकतन्त्र, गणतन्त्र तथा संविधानको रक्षा जनमत पार्टीले मात्र गर्नसक्ने बताउँदै सामाजिक न्याय, समाजवाद र अग्रगामी परिवर्तनका लागि आफ्नो पार्टी अगाडि बढेको बताए।

रौतहटको गरुडा र राजपुर नगरपालिका-४ राजपुरमा शुक्रवार जनमत पार्टीले आयोजना गरेको शुभकामना आदान प्रदान तथा भेटघाट कार्यक्रममा उनले नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीहरुलाई जनताले पटक पटक जिताएर सत्तामा पुरयाए पनि उनीहरुले जनताको लागि केही गर्न नसकेको बताए।

कांग्रेस र कम्युनिष्टहरुलाई जनताले पटक पटक अवसर दिए पनि उनीहरुले जनताको समस्या समाधान गर्न नसक्नु दुर्भाग्य रहेको बताउँदै उनले जनताको हरेक समस्या समाधान गर्नका लागि जनमत पार्टी सरकारमा सहभागी भएको बताए।

देशमा विद्यमान समस्याको रुपमा रहेको महंगी र भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, न्याय, शिक्षा, स्वास्थ्य, बेरोजगारी लगायतका समस्या जनमत पार्टी बाहेक अरु कसैले गर्न नसक्ने दाबी गर्दै उनले देशको हरेक समस्या आफनो पार्टीले मात्र समाधान गर्नसक्ने भएकोले देश बनाउन कसैको प्रलोभनमा नपरी निर्धक्क भएर जनमत पार्टीमा लाग्न आम जनतालाई आग्रह गरे। आफ्नो पार्टी पहिलो पटक सरकारमा सहभागी भइ जनतालाई प्रत्यक्ष लाभ हुने खालका नयाँ नयाँ योजना ल्याउन लागेको बताउँदै मन्त्री खानले प्रत्येक घरमा स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी मन्त्रालयले चाडैं एक घर एक धाराको योजना ल्याउन लागेको बताए।

अबको दुई वर्ष भित्रमा नेपाललाई नै साक्षर घोषणा गर्ने लक्ष्यका साथ आफूले काम सुरु गरेको बताउँदै उनले एक वर्ष भित्र खानेपानीसंग सम्बन्धित धेरै समस्या समाधान गर्ने प्रतिबद्धता जनाए।

जनमत पार्टीबाट पहिलो पटक मन्त्री बनेका खान खानेपानी मन्त्रालयको जिम्मेवारी सम्हालेर रौतहट आएपछि जनमतका नेता कार्यकर्ताहरु निकै उत्साहका साथ कार्यक्रम आयोजना गरेको थियो।।

# शोक विदा आइतबार



**टुडे समाचारदाता**

जनकपुरधाम । एक शिक्षिकाको मृत्यु भएपछि धनुषाको जनकनन्दिनी गाउँपालिकाले एक दिने शोक विदाको घोषणा गरेको छ।

जनकनन्दिनी गाउँपालिकाका अध्यक्ष दिपिन देव यादवले शुक्रबार एक सूचना जारी गर्दै मावि खजुरी चन्हामा कार्यरत रहँदै आएकी शिक्षिका गुञ्जना शहगलको मृत्यु हुँदा एक दिन शोक विदा दिने निर्णय गरेको छ।

मावि खजुरीमा कार्यरत रहँदै आएकी शहगलको मृत्यु भएको भन्दै गाउँपालिकाले आइतबार माघ १५ गते गाउँपालिकाभित्रको सबै सरकारी कार्यालय, स्कुल, कलेज, स्वास्थ्यचौकीहरुसमेतमा विदाको निर्णय गरिएको छ।

# पेस्तोलसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले पेस्तोलसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धनुषाको मिथिला नगरपालिका वडा नम्बर-७ का २८ वर्षीय रौशन महतो रहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटेको टोलीले मिथिला नगरपालिका-२ नकटाझिझ चोकस्थित शंकाको आधारमा महतोलाई चेकजाँच गर्दा माउजर पेस्तोल १ थान, गोली २ राउण्ड लोड गरिएको र १ थान म्याग्जीन बरामद भएको प्रहरी उपरीक्षक सुमन कुमार तिम्सिनाले जानकारी दिए।

पक्राउ परेका महतोलाई जिल्ला प्रहरी कार्यालय धनुषामा बुझाई थप अनुसन्धान भइरहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

उनलाई नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासतमा पठाइएको छ। उनीमाथि प्रहरीले हातहतियार तथा खरखजाना मुद्दामा म्याद थप गरी अनुसन्धान गर्नेछन्। सोही शीर्षकको मुद्दा पनि चलाउने प्रहरीको तयारी छ।

विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसंग मात्र विज्ञापनको कारोबार गरौं।
- सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भुक्तानी गरौं, गराऔं।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यम बीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८